# नेपाल नागरिक उड्डयन प्राधिकरण

# विमानस्थल सेवा शुल्क नियमावली, २०६७

(नेपाल सरकारबाट स्वीकृत मिति २०६७/५/१४)

नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय, बबरमहल, काठमाडौं

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# विमानस्थल सेवा शुल्क नियमावली, २०६७

प्रकाशक :
नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय
बबरमहल, काठमाडौं

नेपाल सरकारबाट स्वीकृत मिति २०६७/५/१४
पहिलो संशोधन स्वीकृत मिति २०६९/११/३०
दोश्रो संशोधन स्वीकृत मिति २०७०/१०/१२
तेश्रो संशोधन स्वीकृत मिति २०७१/३/३१
चौथो संशोधन स्वीकृत मिति २०७२/३/१४

मुद्रकः
दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स
अनामनगर, काठमाडौं
फोन : ४२१५४६०

# विषय सूची

## परिच्छेद - १
## प्रारम्भिक


१. संक्षिप्त नाम र प्रारम्भ १
२. परिभाषा १
३. नियमावलीको व्याख्या ३


## परिच्छेद - २
## सेवा शुल्क दर


४. अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्क ४
५. बिसान पार्किङ्ग सेवा शुल्क ५
६. भूमिस्थ प्रबन्ध सेवा शुल्क ६
७. गृह आश्रय (हाउसिङ्ग) सेवा शुल्क ७
८. सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क ७
९. हवाई इन्धन विक्री सेवा शुल्क ८
१०. मालसामान (कार्गो) ढुवानी शुल्क ८
११. मालसामान (कार्गो) प्रबन्ध सेवा शुल्क ८
१२. सवारी साधन बिसान सेवा शुल्क ८
१३. प्रवेश शुल्क ८
१४. व्यवसायिक महत्वको कक्ष (सि.आई.पी. रुम) प्रयोग शुल्क ९
१५. चलचित्र छायाँङ्कन शुल्क ९
१६. भवन तथा कोठा बहाल शुल्क ९
१७. वायुयान आश्रय (हैङ्गर) बहाल शुल्क ११
१८. जग्गा बहाल शुल्क ११
१९. विज्ञापन शुल्क १२
२०. सुरक्षा जाँच शुल्क (सेक्युरिटी चार्ज) १२
२१. क्याटरिङ्ग सेवा शुल्क १२
२२. यात्रु परिवहन सेवा १२
२३. यात्रु सेवा सुविधा शुल्क १३
२३क. विमानस्थल विकास शुल्क १४
२४. अग्नी निवारण तथा जीवनोद्वार सेवा शुल्क १७
२४क. व्यागेज, स्क्रिनिङ शुल्क १७
२५. अन्य सेवा शुल्क १८
२६. लागत आपुरणको आधारमा सेवा शुल्क निर्धारण गर्ने १८
२७. शुल्क बुझाउने जिम्मेवारी १८
२८. विलम्ब शुल्क र छुट सम्बन्धी व्यवस्था १९
२९. शुल्क असुल गर्ने जिम्मेवारी २०
३०. सेवामा रोक लगाउने तथा अन्य कारबाही २०
३१. छुट दिन सक्ने २१


## परिच्छेद - ३
## ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था


३२. आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्ने २१
३३. ठेक्का बन्दोवस्त सम्बन्धी कार्यविधि २१
३४. आयको प्रक्षेपण गर्नुपर्ने २१
३५. ठेक्का स्वीकृत गर्ने अधिकारी २२
३६. ठेक्का बन्दोवस्त सम्बन्धी कागजात स्वीकृत गर्नुपर्ने २२
३७. वार्ता वा बोलपत्रको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने २२
३८. सूचना प्रकाशन २२
३९. बोलपत्र फारामको दस्तुर २४
४०. बोलपत्रको दर्ता तथा खोल्ने कार्यविधि २५
४१. पुनः बोलपत्र आह्वान गर्नु पर्ने २५
४२. बैंक जमानत (विड वण्ड) २६
४३. ठेक्का स्वीकृत गर्ने २६
४४. पट्टा दिने र कबुलियत गराउने २७
४५. ठेक्का रकमको किस्ता बुझाउने तरिका २८
४६. ठेक्का तोड्ने २९
४७. ठेक्काको म्याद सम्बन्धी व्यवस्था ३०
४८. वक्यौता रकम असुली सम्बन्धी व्यवस्था ३०


## परिच्छेद - ४
## एकमुष्ठ ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी


४९. एकमुष्ठ ठेक्का बन्दोवस्त गर्न सकिने ३१
५०. ठेक्का बन्दोवस्त सम्बन्धी कार्यविधि ३१
५१. अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने ३१

५२. ठेक्का बन्दोवस्त सम्बन्धी कागजात तयार गर्नुपर्ने ३२
५३. ठेक्का बन्दोवस्त सम्बन्धी मनसायपत्र आह्वानको सूचना प्रकाशन ३२
५४. मनसायपत्र सम्बन्धी कागजातको दस्तुर ३३
५५. मनसायपत्र पेश गर्ने ३४
५६. मनसायपत्र मूल्यांकनका आधार ३४
५७. पुनः मनसायपत्र आह्वान गर्ने ३५
५८. संक्षिप्त सूची तयार गर्ने ३५
५९. प्रस्ताव आह्वान गर्ने ३६
६०. प्रस्ताव सम्बन्धी कागजातका खरिद दस्तुर ३६
६१. प्रस्ताव पेश गर्नु पर्ने ३६
६२. विड वण्ड पेश गर्नु पर्ने ३८
६३. प्रस्ताव छनौट गर्ने ३८
६४. रकम वा जमानत दाखिला गर्नु पर्ने ४१
६५. सम्झौता गर्ने ४२
६६. सम्झौतामा खुलाउनु पर्ने कुराहरु ४२
६७. सम्झौताको अवधि ४३
६८. सम्झौता बमोजिम हुने ४३
६९. मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कन समिति ४३
७०. मनसायपत्र वा प्रस्ताव खोल्दा मुचुल्का गराउनु पर्ने ४४
७१. रीत नपुगेको मनसायपत्र वा प्रस्ताव उपर कारबाही नहुने ४४
७२. संशोधन वा म्याद थप गर्न सक्ने ४५
७३. स्पष्ट गर्न वा कागजात पेश गर्न लगाउने ४५
७४. अनुमतिपत्रको अवधि निर्धारणको आधार ४६

**परिच्छेद - ५**
**विविध**

७५. छुट वा मिन्हा दिन सक्ने ४६
७६. परिवर्त्य विदेशी मुद्राको दर ४६
७७. निर्देशिका, कार्यविधि बनाउन सक्ने ४७
७८. प्रचलित कानून बमोजिम हुने ४७
७९. बाधा अड्काउ फुकाउ ४७
८०. अनुसूचीमा संशोधन ४७
८१. बचाउ ४७

**अनुसूची १**
(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्क ४८

**अनुसूची २**
(नियम ५ को उपनियम (१) सँग सम्बन्धित
विसान (पार्किङ्ग) सेवा शुल्क ५२

**अनुसूची ३**
(नियम ६ को उपनियम (२) सँग सम्बन्धित
भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड हेण्डलिङ्ग) शुल्क ५३

**अनुसूची ४**
नियम ७ को उपनियम (१) सँग सम्बन्धित
गृह आश्रय (हाउसिङ्ग) सेवा शुल्क ५५

**अनुसूची ५**
नियम ८ को उपनियम (१) सँग सम्बन्धित
सञ्चार तथा उड्डयन सहाय सेवा दस्तुर ५६

**अनुसूची ५क**
(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)
सञ्चार तथा उड्डयन सहाय सेवा दस्तुर ५७

**अनुसूची ६**
(नियम ९ सँग सम्बन्धित)
हवाई इन्धन बिक्री सेवा शुल्क ५७

**अनुसूची ७**
(नियम १० सँग सम्बन्धित)
मालसामान (कार्गो) ढुवानी शुल्क ५७

**अनुसूची ८**
(नियम ११ सँग सम्बन्धित)
मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुर ५८

**अनुसूची ९**
(नियम १२ सँग सम्बन्धित)
सवारी साधान बिसान सेवा शुल्क ६०

**अनुसूची १०**
(नियम १३ सँग सम्बन्धित)
प्रवेश शुल्क ६१

**अनुसूची ११**
(नियम १४ सँग सम्बन्धित)
व्यवसायिक महत्वको कक्ष (सी.आई.पी. रुम) प्रयोग शुल्क ६३

**अनुसूची १२**
(नियम १५ सँग सम्बन्धित)
च्लचित्र छाँयाङ्कन शुल्क ६३

**अनुसूची १३**
(नियम १६ सँग सम्बन्धित)
भवन तथा कोठा बहाल ६३

**अनुसूची १४**
(नियम १७ सँग सम्बन्धित)
वायुयान आश्रय गृह (हैङ्गर) बहाल शुल्क ६४

**अनुसूची १५**
(नियम १८ सँग सम्बन्धित)
जग्गा बहाल शुल्क ६४

**अनुसूची १६**
(नियम १९ सँग सम्बन्धित)
विज्ञापन शुल्क ६५

**अनुसूची १७**
(नियम २० सँग सम्बन्धित)
सुरक्षा सेवा शुल्क ६६

**अनुसूची १८**
(नियम २१ सँग सम्बन्धित)
क्याटरिङ्ग सेवा शुल्क ६७

**अनुसूची १९**
(नियम २२ सँग सम्बन्धित)
यात्रु परिवहन सेवा ६७

**अनुसूची २०**
(नियम २३ सँग सम्बन्धित)
यात्रु सेवा शुल्क ६८

**अनुसूची - २०क**
(नियम २३क सँग सम्बन्धित)
विमानस्थल विकास शुल्क ६९

**अनुसूची २१**
(नियम २४ सँग सम्बन्धित)
अग्नी निवारण तथा जीवनोद्धार सेवा शुल्क ७०

**अनुसूची २१क**
(नियम २४ सँग सम्बन्धित)
व्यागेज स्क्रिनिङ्ग शुल्क ७०

**अनुसूची २२**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७१

**अनुसूची २२क**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७२

**अनुसूची २२ख**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७३

**अनुसूची २२ग**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७३

**अनुसूची २२घ**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७४

**अनुसूची २२ङ**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७४

**अनुसूची – २२च**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७४

**अनुसूची – २२छ**
(नियम २५ सँग सम्बन्धित)
अन्य सेवा शुल्क ७५

**अनुसूची २३**
(नियम ४४ को उपनियम (६) सँग सम्बन्धित
कबुलियतको फाराम ७६

**अनुसूची २४**
(नियम ४४ को उपनियम (६) सँग सम्बन्धित
......................कार्यालय
पट्टाको फाराम ७९

# नेपाल नागरिक उड्डयन प्राधिकरण,
# विमानस्थल सेवा शुल्क नियमावली, २०६७
## (नेपाल सरकारबाट स्वीकृत मिति २०६७।५।१४)

**पहिलो संशोधन स्वीकृत मिति २०६९।११।३०, लागू - २०६९।११।३०**
**दोश्रो संशोधन स्वीकृत मिति २०७०।१०।१३, लागू - २०७१।१।१**
**तेश्रो संशोधन स्वीकृत मिति २०७१।३।३१, लागू - २०७१।४।१**
**चौथो संशोधन स्वीकृत मिति २०७२।३।१४, लागू - २०७२।४।१**

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृति प्राप्त भएका मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना र गठन भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठित प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ ।



(घ) "महानिर्देशक" भन्नाले ऐनको दफा १९ बमोजिम नियुक्त प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ ।

(ङ) "सेवा भन्नाले विमानस्थल सञ्चालनको क्रममा प्राधिकरण तथा अन्य सेवा प्रदायकले उपलब्ध गराउने बिभिन्न प्रकारको सेवा सम्झनु पर्दछ ।

(च) "शुल्क" भन्नाले विमानस्थल सञ्चालनको क्रममा उपलब्ध गराईको सेवा बापत प्राधिकरणले ऐन बमोजिम लगाउने र असूल उपर गर्ने शुल्क सम्झनु पर्छ र सो शब्दले भाडा तथा दस्तुर समेतलाई जनाउँछ ।

(छ) "विमानस्थलको प्रमुख" भन्नाले विमानस्थलको प्रमुखको हैसियतमा काम गर्नको लागि प्राधिकरणबाट नियुक्त भएको कर्मचारी सम्झनु पर्छ ।

(ज) "ठेक्का" भन्नाले यस नियमावली बमोजिम प्राधिकरणलाई भाडा, शुल्क, दस्तुर, रोयल्टी, आय अंश वा अन्य निश्चित रकम बुझाउने गरी व्यापार व्यवसाय वा सेवा सुविधा संचालन गर्न विमानस्थल कार्यालय वा प्राधिकरणसँग गरिएको लिखतलाई जनाउँदछ ।

(झ) "बढाबढ वा घटाघट" भन्नाले यस नियमावली बमोजिम ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढाबढ वा घटाघटलाई सम्झनुपर्दछ ।

(ञ) "डाँक" भन्नाले बढाबढ वा घटाघट हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्काका सम्बन्धमा कबुल गरेको नगदी, जिन्सी, रोयल्टी, आय अंश वा अन्य रकमलाई सम्झनु पर्दछ ।

(ट) "पट्टा" भन्नाले ऐन र यस नियमावली बमोजिम प्रचलित कानूनका अधीनमा रही विमानस्थल कार्यालय वा प्राधिकरण र ठेकेदार बीचमा भएको शर्त बमोजिम ठेक्का कार्य गर्न शर्तहरु खुलाई

विमानस्थल कार्यालय वा प्राधिकरणले दिएको इजाजत पत्रलाई सम्झनुपर्दछ ।

(ठ) “जमानत” भन्नाले कुनै आय ठेक्का बन्दोवस्त गर्दा कूल ठेक अंकको निश्चित प्रतिशत नगद धरौटी वा बैंक जमानतलाई सम्झनु पर्दछ ।

(ड) “आय” भन्नाले प्राधिकरणले ऐन वा यस नियमावली बमोजिम असूल गर्ने शुल्क, भाडा, दस्तुर, रोयल्टी आय अंश वा अन्य निश्चित आयलाई सम्झनु पर्दछ ।

३. **नियमावलीको व्याख्या** : (१) यस नियमावलीमा उल्लेख भएका प्रावधान कुनै अधिकारीलाई प्रयोग गर्न अप्ठयारो परेमा व्याख्याको निमित्त महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ र त्यसमा महानिर्देशकले गरेको व्याख्या बमोजिम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम महानिर्देशकले गरेको व्याख्यामा चित्त नबुझेमा समिति समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यसमा समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।



## परिच्छेद – २
## सेवा शुल्क दर

४. **अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्क** : (१) प्राधिकरणले विमानस्थलमा वायुयान अवतरण (ल्याण्डिङ्ग) सेवा उपलब्ध गराए बापत अनुसूची १ मा तोकिए बमोजिमको दरमा अवतरण सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमको वायुयानको हकमा देहाय बमोजिमको अवतरण सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(क) चार्टर वायुयानको हकमा उपनियम (१) बमोजिमको शुल्कमा थप पच्चीस प्रतिशत,

(ख) परीक्षण वा प्रशिक्षण वायुयानको अवतरणको हकमा उपनियम (१) बमोजिमको शुल्कको पचाश प्रतिशत शुल्क छुट हुनेछ,

(ग) प्राधिकरणले कुनै खास विमानस्थलमा उच्च उडान चाप समय (पिक आवर) वा न्यून उडान चाप समय (लिन आवर) निर्धारण गरेको समयमा उडान गर्ने वायुयानका लागि उपनियम (१) बमोजिमको शुल्कमा क्रमशः पच्चीस प्रतिशतसम्म बृद्धि गर्न वा छुट दिन सक्नेछ ।

♦(घ) कुनै वायुसेवा कम्पनी वा निकायले नेपालमा उडान संचालन गर्नु पूर्व तीस लाख रुपैयाँ प्राधिकरणलाई धरौटीको रुपमा बुझाउनु पर्नेछ । सम्बन्धित वायुसेवा कम्पनी वा निकायले तिर्नुपर्ने रकम बाँकी हुन आएमा

---

♦ पहिलो संशोधनद्वारा थप ।

सोही धरौटी रकमबाट कट्टा गरिनेछ र यसरी कट्टा गरिएको रकम उक्त कम्पनी वा निकायले तुरुन्त पूर्ति गर्नु पर्नेछ । पछि उडान सेवा बन्द भएमा प्राधिकरणले लिनु पर्ने रकम कट्टा गरी बाँकी रकम फिर्ता दिइनेछ ।

(३) अन्तर्राष्ट्रिय उडानको कुनै वायुयान गन्तव्य स्थानमा जान नसकी नेपालको कुनै विमानस्थलमा अवतरण गरेमा उपनियम (१) बमोजिमको पूरै शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(४) देहाय बमोजिमको वायुयानलाई अवतरण शुल्क लाग्नेछैनः

(क) प्राधिकरणको आफ्नै फ्लाईट क्यालिब्रेशन वा परीक्षण उडानमा संलग्न गराईएको वायुयान,

(ख) संयुक्त राष्ट्र संघको दर्ताका वायुयान ।

**५. विसान (पार्किङ्ग) सेवा शुल्क** : (१) प्राधिकरणले विमानस्थलमा वायुयान विसान सेवा उपलब्ध गराए बापत अनुसूची २ मा तोकिए बमोजिमको दरमा विसान सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

(२) उपनियम (१) मा जुनसकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा देहायको अवधिसम्मको वायुयानलाई विसान सेवा शुल्क लगाइने छैन :

(क) कुनै वायुयानको जाँच वा निरीक्षणको सिलसिलामा वा अन्य कुनै कारणले महानिर्देशकको आदेशले निगरानीमा राखेकोमा सो अवधिसम्म,



(ख) तीन घण्टासम्म विसान गरेको,

(ग) नियम ७ बमोजिम गृहआश्रय सेवा शुल्क तिरेको अवधिसम्म,

(घ) प्राधिकरणको आफ्नै फ्लाइट क्यालिब्रेसन वा परीक्षण उडानमा संलग्न भएको ।

(३) उडान योग्यता प्रमाणपत्रको म्याद समाप्त भई सञ्चालनमा नरहेका वायुयानको हकमा उपनियम (१) बमोजिम शुल्कको पच्चीस प्रतिशत मात्र विसान सेवा शुल्क लाग्नेछ ।

(४) प्रत्येक ६ घण्टाको समयलाई एक विसान समय मानिनेछ । तीनघण्टा भन्दा बढी विसान गरेकोमा विसान गरेको समय देखिनै गणना गरिनेछ ।

(५) उपनियम (३) बमोजिमको वायुयान विमानस्थल प्रमुखले निर्धारण गरेको स्थानमा विसान गर्नु पर्नेछ । सो बाहेकको अन्य स्थानमा विसान गरेको वायुयान निर्धारित स्थानमा सार्दा लागेको खर्च सम्बन्धित वायुयान धनी वा सञ्चालकबाट असूल उपर गरिनेछ ।

**६. भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड हेण्डलिङ्ग) शुल्क** : ♣(१) प्राधिकरणले विमानस्थलमा अन्तर्राष्ट्रिय उडानहरूका लागि भूमिस्थ प्रबन्ध सेवा उपलब्ध गराए बापत भूमिस्थ प्रबन्ध सेवा शुल्क लगाउने र असुल उपर गर्नेछ ।

(२) प्राधिकरणले राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थासँग प्रतिस्पर्धाबाट विमानस्थलमा भूमिस्थ प्रबन्ध सेवा उपलब्ध गराउनेछ । भूमिस्थ

♣ पहिलो संशोधनद्वारा संशोधित ।

प्रबन्ध सेवा सञ्चालनका लागि अनुमति दिने प्रक्रिया यस सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) प्राधिकरणले भूमिस्थ प्रबन्ध सेवा उपलब्ध गराउने राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थासँग अनुसूची-३ मा तोकिए बमोजिमको दरमा भूमिस्थ प्रबन्ध सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

७. **गृह आश्रय (हाउसिङ्ग) सेवा शुल्क** : (१) प्राधिकरणले वायुयानलाई हैंगर वा यस्तै अन्य प्रकारको आश्रय सेवा उपलब्ध गराए बापत सम्बन्धित वायुसेवा संचालन संस्था वा वायुयान धनीसँग प्रत्येक चौबीस घण्टा वा सोभन्दा कम समयकोलागि एकपटक कायम गरी अनुसूची ४ मा तोकिए बमोजिमको दरमा गृह आश्रय सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वायुसेवा आफैले निर्माण गरी संचालन गरेको ह्यांगर वा यस्तै अन्य प्रकारको आश्रयमा वायुयान विसान गरेकोमा नियम ५ बमोजिमको दरमा विसान सेवा शुल्क मात्र लाग्नेछ ।

८. **सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क** : (१) प्राधिकरणले नेपाल राज्यको कुनै विमानस्थलमा अवतरण गर्ने वायुयानलाई सञ्चार तथा उड्डयन सहाय सेवा उपलब्ध गराए बापत प्रत्येक अवतरणको लागि अनुसूची ५ मा तोकिए बमोजिमको दरमा सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि चार्टर गरिएको वायुयानको हकमा उपनियम (१) बमोजिमको शुल्कःमा थप पच्चीस प्रतिशत शुल्क लाग्नेछ ।

(३) प्राधिकरणले नेपालको वायुक्षेत्रमा उडान गर्ने वायुयानलाई सञ्चार तथा उड्डयन सहाय सेवा उपलब्ध गराए बापत प्रत्येक उडानकोलागि अनुसूची ५क. बमोजिम दरमा सञ्चार तथा



उड्डयन सहाय (ओभरफ्लाई) सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

(४) प्राधिकरणबाट फ्लाइट क्यालिब्रेशन वा परीक्षण उडानमा संलग्न गराइएको वायुयानलाई उपनियम (१) र (३) बमोजिमको संचार तथा उड्डयन सहाय सेवा शुल्क लाग्ने छैन ।

९. **हवाई इन्धन विक्री सेवा शुल्क** : प्राधिकरणको अनुमतिमा विमानस्थल क्षेत्रमा हवाई इन्धन विक्री सेवा संचालन गरे बापत प्राधिकरणले त्यस्तो सेवा प्रदायकसँग अनुसूची ६ बमोजिमको दरमा हवाई इन्धन विक्री सेवा शुल्क लगाउने र असूल गर्नेछ ।

१०. **मालसामान (कार्गो) ढुवानी शुल्क** : प्राधिकरणले आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानमा मालसामान ढुवानी सेवा उपलब्ध गराउने वायुसेवा सञ्चालन संस्था वा वायुयान धनीसँग अनुसूची - ७ बमोजिमको दरमा मालसामान ढुवानी सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

११. **मालसामान (कार्गो) प्रबन्ध सेवा शुल्क** : प्राधिकरणले विमानस्थल क्षेत्रभित्र मालसामानको प्रबन्ध मिलाउने सेवा उपलब्ध गराउने संस्थासँग अनुसूची - ८ मा तोकिए बमोजिमको दरमा मालसामान प्रबन्ध सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

१२. **सवारी साधन विसान सेवा शुल्क** : प्राधिकरणले विमानस्थल क्षेत्रमा विमानस्थल प्रमुखले तोकेको सवारी साधन विसान क्षेत्रमा सवारी साधन विसान सेवा उपलब्ध गराए बापत अनुसूची ९ मा तोकिए बमोजिमको दरमा सवारी साधन विसान सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

१३. **प्रवेश शुल्क** : प्राधिकरणले विमानस्थल कार्यालयले प्रवेश अनुमति दिएको क्षेत्रमा प्रवेश गर्ने वा सवारी साधन प्रवेश गराउने व्यक्तिसँग अनुसूची १० मा तोकिए बमोजिमको दरमा प्रवेश शुल्क लगाउने र असूल उपर गर्नेछ ।

**१४. व्यवसायिक महत्वको कक्ष (सि.आइ.पी. रुम) प्रयोग शुल्क :** प्राधिकरणले विमानस्थल प्रमुखको स्वीकृतिबाट विमानस्थलमा व्यवसायिक महत्वको कक्ष (सी.आइ.पी. रुम) प्रयोग गर्ने व्यक्तिसँग प्राधिकरणले अनुसूची ११ मा तोकिए बमोजिमको दरमा व्यवसायिक महत्वको कक्ष प्रयोग शुल्क लगाउने र असूल उपर गर्नेछ ।

**१५. चलचित्र छायाँङ्कन शुल्क :** प्राधिकरणले विमानस्थल कार्यालयको अनुमति प्राप्त गरी विमानस्थल क्षेत्र भित्र चलचित्र, भिडियो चलचित्र वा विज्ञापन आदि छायाङ्कन गरे बापत सम्बन्धित व्यक्ति वा निकायसँग अनुसूची १२ मा तोकिए बमोजिमको दरमा छायाङ्कन शुल्क लगाउने र असूल उपर गर्नेछ ।

**१६. भवन तथा कोठा बहाल शुल्क :** (१) प्राधिकरणले विमानस्थल कार्यालयको अनुमति लिई विमानस्थल क्षेत्र भित्र वायुयान सञ्चालनकोलागि अत्यावश्यक स्थान वा कोठा प्रयोग गरे बापत त्यस्तो प्रयोगकर्तासँग अनुसूची १३ मा तोकिए बमोजिमको दरमा भवन तथा कोठा बहाल शुल्क लगाउने तथा असूल उपर गर्नेछ ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक प्राधिकरणले विमानस्थल क्षेत्रमा रहेको भवनमा खाली रहेको वा हुन आएको कोठा बहालमा दिँदा तत्काल सोही सरहको कोठाको तत्काल कायम रहेको मूल्यलाई न्यूनतम मूल्य मानी सो मूल्यमा पारदर्शी तरिकाबाट प्रतिस्पर्धात्मक रुपमा छनौट भएको फर्म/कम्पनीलाई बहालमा दिईनेछ ।

(३) उपयनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राधिकरणले देहायका अवस्थामा वार्ताद्वारा करारको माध्यमबाट विमानस्थल क्षेत्र भित्रको भवन वा कोठा व्यापारिक वा अन्य कुनै प्रयोजनकोलागि उपयोग गर्न लिज वा भाडामा दिन सक्नेछ ।

(क) यस नियम बमोजिम कम्तीमा दुईपटक बोलपत्र आह्वान गर्दापनि बोलपत्र छनौट हुन नसकेको, वा

(ख) प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको, वा



(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको व्यवसाय भएमा, वा

(घ) अन्तर्राष्ट्रिय स्तरको ब्राण्डेड कम्पनीबाट प्रस्ताव प्राप्त भएमा,

(ङ) अन्तर्राष्ट्रिय विमानस्थलमा पाँच करोड रुपैयाँ र नगरपालिका क्षेत्रका विमानस्थलमा दुई करोड रुपैयाँ र नगरपालिका बाहेकका क्षेत्रमा एक करोड रुपैयाँभन्दा बढी रकम लगानी गर्नु पर्ने लागतको योजना भएको, र

स्पष्टीकरण : यस खण्डको प्रयोजनकोलागि “नगरपालिका” भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(च) कुनै कारणले यस नियमावली बमोजिमको अन्य कार्यविधि अबलम्बन गर्न उपयुक्त नदेखिएको ।

(४) उपदफा (३) बमोजिम वार्ताद्वारा विमानस्थलक्षेत्र भित्रको भवन वा कोठा व्यापारिक वा अन्य कुनै प्रयोजनकोलागि उपयोग गर्न लिज वा भाडामा लिन चाहने व्यक्तिले प्राधिकरणले तोकेका कुराहरु खुलाई प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा विमानस्थलक्षेत्र भित्रको भवन वा कोठा व्यापारिक वा अन्य कुनै प्रयोजनको लागि उपयोग गर्न लिज वा भाडामा दिन उपयुक्त देखिएमा प्राधिकरणले निवेदकसँग वार्ताद्वारा करारको माध्यमबाट विमानस्थलक्षेत्र भित्रको भवन वा कोठा व्यापारिक वा अन्य कुनै प्रयोजनको लागि उपयोग गर्न लिज वा भाडामा दिन सक्नेछ ।

(६) विमानस्थल क्षेत्रमा रहेको भवनको कोठा पसल सञ्चालनकोलागि वहालमा दिने सम्बन्धमा भएको सम्झौतामा तोकिएको भाडा

रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य बृद्धि सूचकाङ्कको अनुपातमा स्वतः बृद्धि हुनेछ ।

(७) विमानस्थल क्षेत्रमा रहेको भवनको कोठा पसल सञ्चालनकोलागि बहालमा लिने फर्म तथा कम्पनीले सम्झौता बमोजिमको दायित्व पालना गरे नगरेको बारेमा अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयबाट भएको मूल्याङ्कन प्रतिवेदनको आधारमा मात्र त्यस्ता फर्म कम्पनीसँगको सम्झौतालाई निरन्तरता दिने नदिने निर्णय गरिनेछ ।

(८) यस नियमावली बमोजिम भवन, कोठा, वायुयान आश्रय, गृह र जग्गा आदि बहालमा लिने व्यक्तिले त्यस्तो भवन, कोठा, वायुयान आश्रय गृह र जग्गा वा सो जग्गामा बनेको घर, भवन र गोदामको मर्मत तथा सम्भार गर्दा विमानस्थल प्रमुखले मनासिब माफिकको कारण देखाई निर्धारण गरिदिएको स्तर बमोजिम गर्नुपर्नेछ ।

(९) प्राधिकरणले विमानस्थल क्षेत्रमा रहेको भवनमा खाली रहेको वा हुन आएको कोठा बहालमा दिँदा अपनाउनु पर्ने अन्य कार्यविधि परिच्छेद ३ मा लेखिए बमोजिम हुनेछ ।

**१७. वायुयान आश्रय गृह (हैङ्गर) बहाल शुल्क** : प्राधिकरणले विमानस्थलक्षेत्र भित्रको वायुयान आश्रय गृह (हैङ्गर) भाडामा दिँदा अनुसूची - १४ मा तोकिए बमोजिमको दरमा बहाल शुल्क लगाउने तथा असूल उपर गर्नेछ ।

**१८. जग्गा बहाल शुल्क** : (१) प्राधिकरणले विमानस्थल कार्यालयको अनुमतिले विमानस्थल क्षेत्र भित्रको जग्गा प्रायोग गरे बापत सम्बन्धित व्यक्ति वा संस्थासँग अनुसूची १५ मा तोकिए बमोजिमको दरमा जग्गा बहाल शुल्क लगाउने तथा असूल उपर गर्नेछ । बहालमा लिएको जग्गामा प्राधिकरणले स्वीकृति नलिई भौतिक संरचना निर्माण गर्न पाईने छैन ।

(२) प्राधिकरणले विमानस्थल क्षेत्र भित्रको जग्गा दीर्घकालीन समयकोलागि लिजमा दिने र सो जग्गामा व्यापारिक प्रयोजनको लागि स्थायी प्रकृतिको संरचनाको निर्माण विकास स्वामित्वकरण



तथा हस्तान्तरण गर्ने सम्बन्धमा प्राधिकरणले तत्सम्बन्धमा बनाएको नियम बमोजिम हुनेछ ।

**१९. विज्ञापन शुल्क** : (१) प्राधिकरणले विमानस्थल प्रमुखले तोकेको स्थानमा विज्ञापन गरे बापत विज्ञापन गर्ने व्यक्ति वा संस्थासँग अनुसूची - १६ मा तोकिए बमोजिमको दरमा विज्ञापन शुल्क लगाउने र असूल उपर गर्नेछ ।

(२) एकै स्थानबाट एक भन्दा बढी विज्ञापन गर्न सकिने इलेक्ट्रोनिक माध्यमबाट गरिने विज्ञापनको हकमा एक भन्दा बढी विज्ञापन गरे बापत उपनियम (१) बमोजिमको दरमा प्रति विज्ञापन विस प्रतिशतका दरले थप विज्ञापन शुल्क लाग्नेछ ।

(३) धुम्रपान, सूर्ती, पानपराग, मदिरा सम्बन्धी विज्ञापनको हकमा उपनियम (१) बमोजिमको दरमा पचास प्रतिशत थप दस्तूर लाग्नेछ ।

**२०. सुरक्षा जाँच शुल्क (सेक्युरिटी चार्ज)**: प्राधिकरणले विमानस्थलमा हवाई यात्रु तथा मालसामानको सुरक्षा जाँचको सेवा उपलब्ध गराए बापत सम्बन्धित वायुयान धनी वा सञ्चालकसँग अनुसूची - १७ मा तोकिए बमोजिमको दरमा सुरक्षा जाँच शुल्क लगाउने तथा असूल उपर गर्नेछ ।

**२१. क्याटरिङ सेवा शुल्क** : प्राधिकरणले हवाई यात्रुलाई खाना उपलब्ध गराउने (क्याटरिङ्ग) सेवा उपलब्ध गराउने सेवा प्रदायक संस्थासँग त्यस्तो सेवा उपलब्ध गराए बापत अनुसूची -१८ मा तोकिए बमोजिमको दरमा क्याटरिङ्ग सेवा शुल्क लगाउने तथा असूल उपर गर्नेछ ।

**२२. यात्रु परिवहन सेवा** : प्राधिकरणले विमानस्थल क्षेत्रभित्र यात्रु परिवहन सेवा उपलब्ध गराउने सेवा प्रदायकसँग त्यस्तो सेवा उपलब्ध गराए बापत अनुसूची -१९ मा तोकिए बमोजिमको दरमा यात्रु परिवहन सेवा शुल्क लगाउने तथा असूल उपर गर्नेछ ।

२३. **यात्रु सेवा सुविधा शुल्क** : (१) प्राधिकरणले दुई वर्षको उमेर नाघेका प्रत्येक हवाई यात्रुसँग अनुसूची - २० मा तोकिए बमोजिमको दरमा यात्रु सेवा सुविधा शुल्क लगाउने र असूल उपर गर्नेछ।

(२) ♣अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानका यात्रुले यात्रु सेवा सुविधा शुल्क हवाई टिकट खरिद गर्दाकै बखत वायुसेवा सञ्चालन संस्थालाई बुझाउनु पर्नेछ।

(३) वायुसेवा सञ्चालन संस्थाले वायुयान उडान गर्नु अगावै यात्रु विवरण तथा उपनियम (२) बमोजिम यात्रु सेवा सुविधा शुल्क बापत प्राप्त रकमको विवरण अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा बुझाउनु पर्नेछ।

(४) अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले उपनियम (३) बमोजिम प्राप्त विवरणका आधारमा वायु सेवा सञ्चालन संस्थाले अघिल्लो महिनामा यात्रुबाट लिएको यात्रु सेवा सुविधा शुल्क बापतको रकम बुझाउनको लागि ग्रिगोरियन क्यालेण्डर अन्तर्गत हरेक महिनाको पाँच तारेख भित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थालाई विल जारी गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम विल जारी भएको मितिले एक्काईइस दिनभित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले विल बमोजिमको रकम अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयलाई बुझाउनु पर्नेछ।

(६) कुनै वायु सेवा सञ्चालन संस्थाले उपनियम (५) बमोजिमको अवधिभित्र त्यस्तो रकम नबुझाएमा प्रत्येक दिनको लागि बिल बमोजिमको रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशतको दरले बिलम्ब शुल्क लाग्नेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित।



(७) उपनियम (४) बमोजिम विल जारी भएको मितिले सात दिनभित्र रकम बुझाउने वायुसेवा सञ्चालन संस्थाले मूल्य अभिबृद्धि कर बाहेकको बिल रकममा तीन प्रतिशत छुट पाउनेछ।

तर अघिल्लो महिनाको यात्रु सेवा सुविधा शुल्क नबुझाउने वायु सेवा सञ्चालन संस्थाले त्यस्तो छुट पाउने छैन।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि चार्टर उडान सञ्चालन गर्ने वायु सेवा सञ्चालन संस्थाले अन्तर्राष्ट्रिय वायुयान उडान गर्नु अगावै यात्रु सेवा सुविधा शुल्क सम्बन्धित विमानस्थल कार्यालयलाई बुझाउनु पर्नेछ।

(९) अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले वायु सेवा सञ्चालन संस्थाबाट त्यस्तो संस्थाको स्वीकृत उडान तालिका बमोजिम प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको यात्रु सेवा सुविधा शुल्क अग्रिम धरौटीको रुपमा माग गर्न सक्नेछ।

(१०) वायुसेवा सञ्चालन संस्थाले यात्रु सेवा सुविधा शुल्क बापतको रकम नेपाली रुपैयाँमा बुझाउनु पर्नेछ।

(११) वायुसेवा सञ्चालन संस्थाले यात्रुबाट प्राप्त गरेको यात्रु सेवा सुविधा शुल्कको लेखा अद्यावधिक गरी राख्नु पर्नेछ र सोको विवरण प्रत्येक महिना भुक्तान भएको सात दिन भित्र सम्बन्धित अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा पेश गर्नु पर्नेछ।

(१२) यात्रु सेवा सुविधा शुल्क असूल गर्ने सम्बन्धी अन्य व्यवस्था अन्तर्राष्ट्रिय विमानस्थलको प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ।

♠**२३क. विमानस्थल विकास शुल्क**: (१) प्राधिकरणको ऋणको सावाँव्याज भुक्तानी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पूर्वाधार विकासको लागि

---

♠ तेस्रो संशोधनबाट थप

प्राधिकरणले त्रिभुवन विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने प्रत्येक हवाई यात्रुसँग अनुसूची-२०क मा तोकिए बमोजिमको दरमा विमानस्थल विकास शुल्क लगाउने र असुल उपर गर्नेछ ।

(२) दुई वर्षको उमेर पुरा नभएको हवाई यात्रु बाहेक अन्य सबै हवाई यात्रुले उपनियम (१) बमोजिमको शुल्क हवाई टिकट खरिद गर्दाकै बखत वायुसेवा सञ्चालन संस्थालाई बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको शुल्क र विलम्ब शुल्कमा कुनै किसिमको छुट वा मिन्हा हुने छैन ।

(४) उपनियम (२) बमोजिम हवाई यात्रुले बुझाएको शुल्क बापत प्राप्त रकमको विवरण र त्यस्तो रकम बुझाउने प्रत्येक यात्रुको विवरण सो वायुयान उड्नु अगावै सम्बद्ध वायुसेवा सञ्चालन संस्थाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय वा प्राधिकरणले तोकिदिएको अन्य कार्यालयमा बुझाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सम्बद्ध वायुसेवा सञ्चालक संस्थाबाट प्राप्त विवरणका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले ग्रिगोरियन क्यालेण्डर बमोजिम हरेक महिनाको पाँच तारेखभित्र सम्बद्ध वायुसेवा सञ्चालन संस्थाले यात्रुहरुबाट संकलन गरेको शुल्क वापतको रकम बुझाउन विल बनाई पठाउनेछ र सो को जानकारी नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालयलाई दिनेछ ।

(६) उपनियम (५) बमोजिम विल प्राप्त भएको मितिले एक्काईस दिनभित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले विल बमोजिमको रकम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको म्यादभित्र रकम नबुझाउने वायु सेवा सञ्चालन संस्थाले प्रत्येक दिनको लागि विल रकमको शुल्क



दशमलब शुन्य पाँच प्रतिशतको दरले विलम्ब शुल्क तिर्नु बुझाउनु पर्नेछ ।

(८) वायुसेवा सञ्चालन संस्थाले विमानस्थल विकास शुल्क वापतको रकम नेपाली रुपैयाँमा बुझाउनु पर्नेछ ।

(९) अन्तर्राष्ट्रिय चार्टर उडान सञ्चालन गर्ने वायुसेवा सञ्चालन संस्था वा व्यक्तिले त्यस्तो उडान गर्नु अगावै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयमा विमानस्थल विकास शुल्क बुझाउनु पर्नेछ ।

(१०) वायुसेवा सञ्चालन संस्थाले यात्रुबाट प्राप्त गरेको विमानस्थल विकास शुल्कको लेखा अद्यावधिक राख्नु पर्नेछ र सोको विवरण प्रत्येक महिना भुक्तान भएको ७ दिन भित्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(११) विमानस्थल विकास शुल्क वापत उठेको मूल्य अभिवृद्धि कर बाहेकको रकम नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालयको नाममा बेग्लै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(१२) विमानस्थल विकास शुल्क स्वीकृत पाँच वर्षे कार्य योजना बमोजिम खर्च गर्नु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिमको खर्च वार्षिक कार्यक्रम तथा बजेटको अधिनमा रही गर्नु पर्नेछ ।

(१४) उपनियम (१३) बमोजिमको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको एक विमानस्थल विकास शुल्क उपयोग अनुगमन समिति रहनेछः-

(क) प्राधिकरणको कर्पोरेट निर्देशनालयका उपमहानिर्देशक -संयोजक

(ख) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय-सदस्य

(ग) त्रि.अ.वि.नागरिक उड्डयन कार्यालय, राजश्व शाखाका प्रमुख-सदस्य-सचिव

(१५) उपनियम (१४) बमोजिम गठन भएको अनुगमन समितिले प्रत्येक तीन महिनामा आफ्नो प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरण प्रधान कार्यालयमा बुझाउनेछ ।

(१६) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले वायुसेवा संचालन संस्थाबाट त्यस्तो संस्थाको स्वीकृत उडान तालिका बमोजिम प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको विमानस्थल विकास शुल्क अग्रिम धरौटीको रुपमा माग गर्न सक्नेछ ।

(१७) विमानस्थल विकास शुल्कबाट उठेको रकमबाट प्राधिकरणको ऋणको सावाँब्याज तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पूर्वाधार विकासका लागि खर्च लेख्ने अख्तियारी महानिर्देशकलाई हुनेछ ।

(१८) विमानस्थल विकास शुल्क असूल गर्ने तथा खर्च गर्ने सम्बन्धी अन्य व्यवस्थाका लागि महानिर्देशकले निर्देशिका बनाई निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. अग्नी निवारण तथा जीवनोद्वार सेवा शुल्क** : प्राधिकरणले विमानस्थलमा अग्नी निवारण तथा जीवनोद्वार सेवा उपलब्ध गराए बापत सम्बन्धित वायुसेवा सञ्चालन संस्थासँग अनुसूची २१ मा तोकिए बमोजिमको दरमा अग्नी निवारण तथा जीवनोद्वार सेवा शुल्क लगाउने तथा असूल उपर गर्नेछ ।

♦**२४क. व्यागेज स्किनिङ्ग शुल्क** : प्राधिकरणले विमानस्थलमा व्यागेज स्किनिङ्ग सेवा उपलव्ध गराए बापत सम्बन्धित वायुसेवा संचालन गर्ने संस्थासंग अनुसूची २१ क मा तोकिए बमोजिमको दरमा व्यागेज स्किनिङ्ग सेवा शुल्क लगाउने तथा असूल उप† †र गर्नेछ ।

♦ पहिलो संशोधनद्वारा थप ।



∇**२५. अन्य सेवा शुल्क** : प्राधिकरणले विमानस्थल क्षेत्रभित्र विद्युत सेवा, टेलिफोन सेवा, मौसमी सेवा, अवलोकन भ्रमण सेवा, इन्टर्नशीप सेवा, कक्षहरु ( Class Room, Meeting Room, Press Room) प्रयोग, Common User Terminal Equipment (CUTE) प्रयोग र Baggage Reconciliation System (BRS) प्रयोगको सेवा उपलब्ध गराए बापत क्रमशः अनसूची २२, २२(क), २२(ख), २२(ग), २२(घ), २२(ङ), २२ (च) र २२(छ) मा तोकिए बमोजिमको दरमा विद्युत, टेलिफोन, मौसमी, अवलोकन भ्रमण, इन्टर्नशीप, कक्षहरु प्रयोग, CUTE र BRS प्रयोगको शुल्क लगाउने तथा असुल उपर गर्नेछ ।

**२६. लागत आपूरणको आधारमा सेवा शुल्क निर्धारण गर्ने** : प्राधिकरणले यस परिच्छेद बमोजिमको सेवा उपलब्ध गराउँदा सो सेवाको लागत आपूरणको आधारबाट दररेट निर्धारण गरी सेवा सुविधा शुल्क लगाउने र असूल उपर गर्नेछ ।

**स्पष्टीकरण :** यस नियमको प्रयोजनकोलागि “लागत आपूरण” भन्नाले कुनै सेवा उपलब्ध गराउनकोलागि भएका वा हुने अप्रत्यक्ष खर्च र शिरोभार खर्चको जम्मा हुन आउने रकम प्रति ईकाई सेवा शुल्कको माध्यमबाट गरिने परिपूर्ति सम्झनु पर्छ। यस प्रयोजनको लागि प्रशासनिक खर्च, संचालन खर्च, ह्रास खर्च तथा पूँजी वा ऋणको लागत र सामान्यतः पन्ध्र प्रतिशतसम्म दरको लगानी प्रतिफल समेत समावेश हुनेछ ।

**२७. शुल्क बुझाउने जिम्मेवारी** : (१) प्राधिकरणले उपलब्ध गराएको सेवा उपयोग गर्ने वायुसेवा सञ्चालन संस्थाले यस नियमावली बमोजिम लाग्ने सबै प्रकारका शुल्क तत्कालै सम्बन्धित विमानस्थल कार्यालयमा बुझाउनु पर्नेछ ।

∇ दोस्रो संशोधनबाट संशोधित

तर चार्टर उडान वा नन् सेड्युल प्रकृतिको उडान गर्ने वायुसेवा सञ्चालन संस्थाले त्यस्तो उडान गर्नु पूर्वनै सम्बन्धित विमानस्थल कार्यालयमा शुल्क दाखिला गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै शुल्क प्रत्येक महिनामा एकै पटक बुझाउने गरी विमानस्थल प्रमुखले आदेश दिन सक्नेछ ।

(३) भवन तथा कोठा, जग्गा बहाल र वायुयान आश्रय गृह बहाल तथा विज्ञापन आदि बापत प्रत्येक वर्षको शुल्क अग्रिम रुपमा भुक्तानी गर्नुपर्नेछ ।

२८. **विलम्ब शुल्क र छुट सम्बन्धी व्यवस्था** : (१) नियम २७ को उपनियम (२) बमोजिम आदेश प्राप्त भएको अवस्थामा सम्बद्ध वायुसेवाले प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने शुल्क बिल जारी भएको मितिले तीस दिन भित्र तिर्नु बुझाउनु पर्नेछ ।

(२) प्राधिकरणलाई शुल्क बुझाउनु पर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो शुल्क बुझाउने समायावधि पनि सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) माथि उपनियम (१) र (२) मा तोकिएको म्याद भित्र शुल्क नबुझाएमा शुल्क बुझाउने म्याद भुक्तान भएको मितिले पन्ध्रदिनसम्म पाँच प्रतिशतका दरले र सोह्रौ दिनदेखि तीसौ दिनसम्म प्रन्ध्र प्रतिशतका दरले बिलम्ब शुल्क लाग्नेछ। तीस दिनपछि जतिसुकै अवधिका लागि भए पनि तीस प्रतिशतका दरले बिलम्ब शुल्क असूल गरिनेछ ।

(४) उपनियम (१) बमोजिम बिल जारी भएको सात दिन भित्र शुल्क भुक्तानी गर्नेलाई तीन प्रतिशतका दरले शुल्कमा छुट दिइनेछ ।



२९. **शुल्क असुल गर्ने जिम्मेवारी** : यस नियमावली बमोजिम प्राधिकरणले लगाउने शुल्क असूल उपर गर्ने गराउने जिम्मेवारी सम्बन्धित विमानस्थल प्रमुखको हुनेछ र निजले त्यस सम्बन्धमा प्रतिवेदन प्रत्येक महिना प्रधान कार्यालयमा पठाउनुपर्नेछ ।

३०. **सेवामा रोक लगाउने तथा अन्य कारबाही** : (१) यस नियमावली बमोजिम बुझाउनु पर्ने शुल्क समयमा नबुझाउने व्यक्ति वा संस्थालाई विमानस्थलबाट जारी भएको अनुमतिपत्र, सम्झौता पत्र वा अन्य कुनै कारोबार गर्न दिएको अनुमति विमानस्थल प्रमुखले स्थगन गरी विमानस्थलमा रहेको निजको सम्पत्ति रोक्का राखी निजको काम कारबाही वा व्यवसायमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाएको सूचना अबिलम्ब प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।

(२) कुनै व्यक्ति वा निकायले बिल जारी भएको मितिले साठी दिनसम्म पनि विमानस्थलसँग सम्बन्धित शुल्क नबुझाएमा विमानस्थलको प्रमुखले त्यस्तो व्यक्ति वा संस्थालाई विमानस्थलमा व्यवसाय गर्न रोक लगाउने र वायुसेवाको हकमा उडानमा तत्काल रोक लगाउनेछ ।

(३) प्राधिकरणले यस नियमावली बमोजिम बुझाउनु पर्ने शुल्क नबुझाएमा वा प्राधिकरणसँग भएको सम्झौता उल्लंघन गर्ने व्यक्ति तथा संस्थाका सञ्चालकलाई भविष्यमा हवाई सेवा, विमानस्थल तथा प्राधिकरणसँग सम्बद्ध कुनै किसिमको काम कारबाही तथा व्यापार व्यवसायमा सहभागी हुन नपाउने गरी कालो सूचीमा राख्न सक्नेछ ।

(४) यस नियमावली बमोजिम समयमा शुल्क नबुझाउने व्यक्ति वा संस्था उपर समयमै यस नियम बमोजिमको कारबाही प्रकृया शुरु नगर्ने विमानस्थल प्रमुख उपर विभागीय कारबाही गरिनेछ ।

♥३१. **छुट दिन सक्ने** : (१) विमानस्थलमा कार्यरत प्राधिकरणका कर्मचारीहरुको सेवाका लागि सञ्चालित चमेनागृहमा लाग्ने शुल्कमा विमानस्थल प्रमुखले आवश्यक छुट दिन सक्नेछ ।

## परिच्छेद – ३
## ठेक्का बन्दोवस्त सम्बन्धी व्यवस्था

३२. **आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने** : प्राधिकरणले आफ्नो स्वामित्वमा रहेका भौतिक संरचना, जग्गा तथा अन्य क्षेत्रबाट ऐन र यस नियमावली बमोजिम लगाउने र असूल उपर गर्न सक्ने सेवा शुल्क, दस्तुर भाडा आदि आय असूल उपर गर्ने कार्य ठेक्का बन्दोबस्तको माध्यमबाट सम्पदन गराउन सक्नेछ ।

३३. **ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि** : प्राधिकरणले नियम ३२ बमोजिम ठेक्का बन्दोवस्त गर्दा यस परिच्छेद बमोजिमको कार्यविधि अबलम्बन गर्नु पर्नेछ ।

तर एकै आय शीर्षक वा उपशीर्षक अन्तर्गत वार्षिक तीन करोड रुपैया भन्दा बढी रकमको ठेक्का बन्दोबस्त गर्नुपर्दा परिच्छेद ४ अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

३४. **आयको प्रक्षेपण गर्नु पर्ने** : ठेक्का बन्दोवस्त गर्नु पूर्व ठेक्कासँग सम्बन्धित आय स्रोतको उपलब्धता, सम्भावित श्रोत परिचालन, सो स्रोत परिचालनको व्यवस्थापन तथा लागत र ठेक्का अवधि, विगत पाँच वर्षमा भएको वार्षिक आय र यात्रु तथा वायुयानको आवागमन समेतको आधारमा आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असूल कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नुपर्नेछ ।

---

♥ तेस्रो संशोधनबाट संशोधित



३५. **ठेक्का स्वीकृत गर्ने अधिकारी** : देहाय बमोजिमको वार्षिक ठेक अङ्क स्वीकृत गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछ :

(क) पचास लाख रुपैयासम्मको छैठौं र सातौं तहको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैया भन्दा बढी एक करोड रुपैयासम्मको आठौं र नवौं तहको कार्यालय प्रमुख,

(ग) एक करोड रुपैया भन्दा बढी बढी दुई करोड रुपैयासम्मको दशौं र एघारौं तहको कार्यालय प्रमुख,

(घ) दुई करोड रुपैयाभन्दा बढी तीन करोड रुपैयासम्मको बाह्रौं तहको विभागीय कार्यालय प्रमुख,

(ङ) खण्ड (घ) मा उल्लेख भएको भन्दा बढी रकमको महानिर्देशक,

३६. **ठेक्का बन्दोबस्त सम्बन्धी कागजात स्वीकृत गर्नुपर्ने** : नियम ३४ बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना स्वीकृत भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि प्राधिकरणले निर्धारण गरेको ठेक अङ्क, ठेक्काका सामान्य तथा विशेष शर्तहरु, सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गरी नियम ३५ बमोजिमको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

३७. **वार्ता र बोलपत्रको माध्यमबाट ठेक्का वन्दोवस्त गर्नु पर्ने** : नियम ३६ बमोजिम स्वीकृत कागजातको आधारमा त्यस्तो आयश्रोत वार्षिक एकलाख पचास हजार रुपैयाँ भन्दा कम उठ्ने भएमा वार्ताद्वारा र सोभन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी प्रतिस्पर्धाको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

३८. **सूचना प्रकाशन** : (१) नियम ३७ बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयासम्म भए कम्तीमा पन्ध्र दिनको म्याद दिई स्थानीय वा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना स्थानीय स्तरको पत्रिकामा प्रकाशन गरेको अवस्थामा बोलपत्र माग गर्ने

प्राधिकरणको कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा सो जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा पनि सबैले देख्ने गरी सूचना टाँस गर्ने व्यवस्था गरी टाँस मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ ।

(२) दशलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा ३० दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः

(क) साविकमा ठेक्का वन्दोवस्त भएको भए कति रकम के शर्तमा भएको हो सो कुरा संक्षेपमा,

(ख) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(ग) ठेक्का अवधिको लागि प्रक्षेपण गरिएको आय रकम,

(घ) ठेक्काको अवधि, ठेक्का शुरु हुने र अन्त्य हुने मिति,

(ङ) ठेक्का सम्झौता बमोजिमको रकम बुझाउने किस्ता र समय तथा एकमुष्ट बुझाउँदा छुट दिइने भए सो कुरा,

(च) बोलपत्र कागजात प्राप्त हुने स्थान (स्थान खुलाउँदा एक भन्दा बढी प्राधिकरणको कार्यालय वा स्थान समेतलाई समावेश गर्न सकिनेछ) ।

(छ) बोलपत्र पठाउनु पर्ने तरिका,

(ज) बोलपत्र दाखिला गर्नुपर्ने कार्यालय वा अधिकारी (कार्यालय वा अधिकारीको नाम खुलाउँदा प्राधिकरणको सम्बन्धित कार्यालयको निर्णयले एक भन्दा बढी प्राधिकरणको कार्यालयलाई समेत समावेश गर्न सकिने छ) ।



(झ) बोलपत्र बापत लाग्ने दस्तुर,

(ञ) बोलपत्र दाखिला हुनु पर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(ट) बोलपत्र उपर निर्णय हुने अन्तिम मिति (सम्भव भएसम्म)

(ठ) जमानत (विडवण्ड) बापत राख्नु पर्ने नगद रकम वा बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(ड) अन्य आवश्यक कुराहरु ।

(४) उपनियम (३) को खण्ड (घ) बमोजिम ठेक्काको अवधि सामान्यतया तीन वर्षको लागि निर्धारण गरिनेछ र ठेक्का शुरु हुने र अन्त्य हुने मिति आर्थिक वर्षको शुरु र अन्त्य कायम हुने गरी बन्दोवस्त गर्नु पर्नेछ ।

**३९. बोलपत्र फारामको दस्तुर** : नियम ३८ को उपनियम (३) को खण्ड -झ) बमोजिम बोलपत्र फारामको दस्तुर देहाय बमोजिमको हुनेछः

(क) दश लाख रुपैयाँसम्मको लागि - तीनसय रुपैयाँ,

(ख) दशलाख रुपैयाँभन्दा माथि साठी लाख रुपैयाँसम्मको लागि - एक हजार रुपैयाँ,

(ग) साठीलाख भन्दा माथि छ करोड रुपैयाँसम्मको लागि-तीन हजार रुपैयाँ,

(घ) छ करोड भन्दा माथि दश करोड रुपैयाँसम्मको लागि - पाँच हजार रुपैयाँ,

(ङ) दश करोड रुपैयाँ भन्दा माथि पच्चीस करोडसम्मको लागि - छ हजार रुपैयाँ,

(च) पच्चीस करोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको लागि - दश हजार रुपैयाँ ।

**४०. बोलपत्रको दर्ता तथा खोल्ने कार्यविधि** : नियम ३८ बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रको दर्ता, खोल्ने कार्यविधि प्राधिकरणको प्रचलित नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

**४१. पुनः बोलपत्र आह्वान गर्नु पर्ने** : (१) नियम ३८ बमोजिम प्रथम पटक बोलपत्र आह्वान गर्दा बोलपत्र पर्न नआएमा, तीन वटा भन्दा कम बोलपत्र प्राप्त भएमा वा बोल कबोल अङ्क निर्धारित न्यूनतम ठेक अङ्क भन्दा कम भएमा पुनः बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनः बोलपत्र आह्वान गर्दा पनि एकमात्र रीतपूर्वकको बोलपत्र प्राप्त हुन आएमा र उक्त बोलपत्र निर्धारित न्यूनतम ठेक अङ्क भन्दा घटी नभएमा उक्त बोलपत्र स्वीकृत गरी ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम पुनः बोलपत्र आह्वान गर्दा पनि रितपूर्वक बोलपत्र नपरेमा वा कबोल अङ्क न्यूनतम निर्धारित ठेक अङ्क भन्दा कम भएमा कम्तीमा सात दिनको म्याद दिई नियम ३८ बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नुपर्नेछः

(क) बढाबढ हुने कार्यालय र स्थान,

(ख) न्यूनतम निर्धारित ठेक अङ्क,

(ग) बढाबढ हुने समय र मिति,

(घ) अन्य आवश्यक कुराहरु ।



**४२. वैक जमानत (विडवण्ड)** : (१) नियम ३८ र ४१ बमोजिम प्रकाशित सूचना अनुसार बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्ति नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत रकम र गैर नेपाली नागरिक भए कबोल अङ्कको दश प्रतिशत रकम उक्त सूचनामा तोकिएको बैंकमा रहेको त्यस्तो सूचना प्रकाशन गर्ने कार्यालयको नाममा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा एक सय बीस दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति संलग्न राख्नुपर्नेछ ।

(२) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (१) बमोजिम राखिएको जमानत बापतको रकम सो जमानत राख्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर स्वीकृत ठेक्काको चलन पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत फिर्ता नगरी स्थगित राख्नु पर्नेछ ।

**४३. ठेक्का स्वीकृत गर्ने** : (१) नियम ३८ वा ४१ बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक कुनै कारण देखाई वा नदेखाई प्राधिकरणले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रीतपूर्वकको बोलपत्र प्राप्त भए पछि कायम भएको न्यूनतम निर्धारित ठेक रकम भन्दा बढी रकम बोल कबोल गर्ने व्यक्ति, फर्म संस्था वा कम्पनी मध्ये सबैभन्दा बढी कबोल गर्ने व्यक्ति, फर्म संस्था वा कम्पनीको बोलपत्र स्वीकृतिका लागि छनौट गर्नु पर्नेछ । यसरी बोलपत्र स्वीकृतिका छनौट भएको ७ दिनभित्र निज र अन्य सम्बन्धित बोलपत्रदाताहरुलाई बोलपत्र स्वीकृत गर्ने आसयको सूचना दिनु पर्नेछ । उक्त सूचनामा छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी समेत दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना दिएको सात दिनको अवधिभित्र कुनै बोलपत्रदाताले बोलपत्र छनौट बारे पुनरावलोकनका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन नगरेमा उपनियम (२) बमोजिम छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी नजिलाई पन्ध्र दिन भित्र ठेक्का सम्झौता गर्नको लागि नियम ४४ को उपनियम (६) बमोजिमको जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ ।

(४) नियम ४१ को उपनियम (३) बमोजिम सार्वजनिक बढाबढ गर्दा निर्धारित न्यूनतम ठेक अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै नियम ४२ बमोजिम धरौटी वा बैंक ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(५) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार नियम ३५ बमोजिमको ठेक्का स्वीकृत गर्ने अधिकारीलाई हुनेछ ।

**४४. पट्टा दिने र कबुलियत गराउने** : (१) नियम ४३ को उपनियम (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले जमानत दाखिला गरी यस नियम बमोजिम ठेक्का सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जमानत दाखिला गरी तोकिएको म्यादभित्र आफ्नो बोल कबूल बमोजिम ठेक्का सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी निज पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुराको जानकारी गराउनु पर्नेछ ।

(३) नियम ४३ को उपनियम (३) बमोजिम दिइएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जुर गरे ठेक्का बन्दोवस्त गर्ने कार्यालयले निजबाट तुरुन्त कबुलियत गराई निलजाई पट्टा वा चलनपूर्जी दिनु पर्नेछ ।



(४) नियम ४३ को उपनियम (३) बमोजिम सूचना दिँदा म्यादभित्र त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निजले पेश गरेको धरौटी वा बैंक जमानत जफत गरी निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई सूचना दिई ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम ठेक्का बन्दोवस्त गर्दा कायम भएको न्यूनतम ठेक अङ्कको रकम भन्दा कम हुने भएमा यस नियमावलीको प्रक्रिया पुऱ्याई पुनः बोलपत्र आह्वान गर्नुपर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकबालाबाट स्वीकृत कूल ठेक अङ्कको पच्चीस प्रतिशत रकमको नेपाल राष्ट्र बैंकको कम्तीमा कबुलियतको अवधि भन्दा ६ महिना बढी म्याद भएको बैंक जमानत वा नगदै रकम दाखिला भएपछि ठेक्का सम्बन्धी सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची २३ बमोजिमको ढाँचामा कबुलियत गराई अनुसूची २४ बमोजिमको ढाँचामा पट्टा दिनु पर्नेछ ।

(७) यस नियम बमोजिम म्यादभित्र बोलपत्र वा डाँकबालाले सम्झौता गरी चलनपूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ४३ बमोजिम राखेको जमानत जफत भई प्राधिकरणको कोषमा दाखिला हुनेछ ।

**४५. ठेक्का रकमको किस्ता बुझाउने तरिका** : (१) प्राधिकरणले यस नियमावली बमोजिम ठेक्का बन्दोवस्त गर्दा अग्रिम असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा शुल्क, दस्तुर वा भाडा उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको हुनुपर्दछ । साथै किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी हुने छैन ।

(२) ठेकेदारले सम्झौताको समयमा कूल ठेक रकमलाई वार्षिक किस्ता कायम गरी एक/एक वर्षको एकमुष्ट अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा पाँच प्रतिशत छुट दिइनेछ। तर त्यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ।

**४६. ठेक्का तोड्ने** : (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन।

(२) कुनै ठेकेदारले प्राधिकरणले तोकेको दरभन्दा बढी दरमा सेवा, शुल्क, दस्तुर वा भाडा आदि असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका कार्यको सेवा शुल्क, दस्तुर वा भाडा आदि असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल उपर गरी सम्बन्धित व्यक्तिलाई प्राधिकरणले फिर्ता गर्नु पर्नेछ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ। निजको नाम कालो सूचीमा राखी प्राधिकरण अन्तर्गतका कार्यालयहरुलाई तथा नेपाल सरकारको त्यस्तो व्यवसाय संचालन गर्ने इजाजत दिने कार्यालयलाई समेत जानकारी गराइनेछ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएमा सोही ठेक्काको बाँकी अवधिको निमित्त यस नियमावली बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएमा त्यसबाट प्राधिकरणलाई हुनजाने नोक्सानी र प्राधिकरणले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको वार्षिक सयकडा दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल गरिनेछ। त्यसरी ठेकेदारको जमानतबाट पनि असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।



(६) विमानस्थलमा यात्रु वा कार्गो सेवा सञ्चालन गर्ने वायुसेवा कम्पनीहरुलाई आफ्नो सेवा सञ्चालनको लागि अत्यावश्यक स्थान भाडामा दिँदा यस नियमावलीले तोकेको दररेटमा एक/एक वर्षको अग्रिम भाडा भुक्तान गर्ने शर्तमा र भन्सार, अध्यागमन जस्ता विमानस्थल सञ्चालनको लागि आवश्यक पर्ने सरकारी निकायहरुलाई आवश्यक स्थान भाडामा दिदा यस नियमावलीले तोकेको दररेटमा मासिक रुपमा भाडा भुक्तान गर्ने शर्तमा सम्झौता गरी स्थान भाडामा दिन सकिनेछ।

•**४७**.........................................

**४८. वक्यौता रकम असूली समबन्धी व्यवस्था** : (१) यस नियमावली बमोजिम आय अंश भुक्तानी गर्ने शर्तमा बिभिन्न शुल्क असूल उपर गर्ने तथा करमुक्त पसल आदि संचालन गर्ने व्यक्ति वा संस्थाले बिक्री वा सेवा उपलब्ध गराएको मासिक विवरण र सो बमोजिम प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने शुल्क तथा दस्तुर समेत अर्को महिनाको सात गते भित्र सम्बन्धित विमानस्थल कार्यालयमा बुझाउनु पर्नेछ।

(२) प्राधिकरणले बिभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम असूल गर्नु पर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोगको लागि अनुरोध गर्न सक्नेछ।

---

• तेस्रो संशोधनबाट खारेजी

(४) उपनियम (३) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्राधिकरणले असूली अङ्कको बढीमा पाँच प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(५) उपनियम (२), (३) र (४) बमोजिमको प्रक्रियाबाट पनि रकम असूल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

## परिच्छेद – ४
## एकमुष्ठ ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी व्यवस्था

**४९. एकमुष्ठ ठेक्का बन्दोवस्त गर्न सकिने** : प्राधिकरणले ऐन र यस नियमावली बमोजिम लगाउने र असूल उपर गर्न सक्ने सेवा शुल्क, दस्तुर भाडा तथा अन्य आय लगाउने र असूल उपर गर्ने कार्य आय समूहगत वा क्षेत्रगत रुपमा एकमुष्ठ ठेक्का बन्दोवस्तको माध्यमबाट गर्न गराउन सक्नेछ ।

**५०. ठेक्का बन्दोवस्त सम्बन्धी कार्यविधि** : प्राधिकरणले परिच्छेद ३ को नियम ३३ मा उल्लिखित रकमभन्दा बढी रकमको ठेक्का बन्दोवस्त गर्दा यस परिच्छेद बमोजिमको कार्यविधि अबलम्बन गर्नु पर्नेछ ।

**५१. अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने** : (१) प्राधिकरणले नियम ४९ बमोजिम ठेक्का बन्दोवस्त गर्नु पूर्व ठेक्का बन्दोवस्त दिईने विषयको सम्बन्धमा देहायका विवरणहरु खुलेको अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) ठेक्का बन्दोवस्त दिने शीर्षक उपशीर्षक,

(ख) ठेक्का बन्दोवस्त दिनु पर्ने आवश्यकता तथा आधारभूत अवधारणा,

(ग) प्राधिकरणबाट स्वीकृत नीति,



(घ) ठेक्का वन्दोवस्त दिने शीर्षक उपशीर्षकको बारेमा यस अघि कुनै अधययन भएको भए त्यसको विवरण,

(ङ) ठेक्का बन्दोवस्त दिने शीर्षक उपशीर्षकको प्रकृति,

(च) ठेक्का बन्दोवस्त दिने शीर्षक उपशीर्षकबाट चालु आम्दानी र सोको व्यवस्थानको लागि लाग्ने खर्च,

(छ) ठेक्का बन्दोवस्त गर्ने तरिका र औचित्यता,

(ज) ठेक्का वन्दोवस्तको प्राथमिकता र अवधि,

(झ) प्रस्तावकको योग्यता,

(ञ) प्रस्तावको नमूना तथा प्रस्ताव मूल्याङ्कनका आधार,

(ट) ठेक्का बन्दोवस्त सम्बन्धी सम्झौताका मुख्य मुख्य शर्त,

(ठ) प्राधिकरणलाई हुने अपेक्षित फाइदा,

(ड) अन्य आवश्यक कुराहरु ।

(२) ठेक्का बन्दोवस्तको लागि निक्षी क्षेत्रबाट तयार गरेका अध्ययन प्रतिवेदनमा प्राधिकरणले अध्ययन विश्लेषण गरी आवश्यक परिमार्जन गरेको प्रतिवेदनलाई समितिले यस नियमको प्रयोजनको लागि मान्यता दिन सक्नेछ ।

**५२. ठेक्का बन्दोवस्त सम्बन्धी कागजात तयार गर्नुपर्ने** : नियम ५१ को उपनियम (१) बमोजिम तयार भएको अध्ययन प्रतिवेदनको आधारमा प्राधिकरणले ठेक्का बन्दोवस्त सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

**५३. ठेक्का बन्दोवस्त सम्बन्धी मनसायपत्र आह्वानको सूचना प्रकाशनः** प्राधिकरणले ठेक्का बन्दोवस्त गर्दा देहायका विवरण खुलाई योग्यता प्राप्त

व्यक्तिबाट मनसायपत्र पेश गर्न नेपाल राज्यभित्र प्रकाशन हुने कम्तीमा दुईवटा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिनको म्याद दिई सूचना प्रकाशन गरी त्यस्तो सूचना आफ्नो वेबसाईटमा समेत राख्नु पर्नेछ ।

(क) ठेक्का बन्दोवस्त दिने शीर्षक उपशीर्षक,

(ख) ठेक्का बन्दोवस्तको कार्यान्वायन तथा सञ्चालन हुने तरिका,

(ग) मनसायपत्र पेश गर्ने व्यक्तिको योग्यता,

(घ) मनसायपत्र सम्बन्धी कागजात खरिद गर्ने कार्यालय र सोको दस्तुर,

(ङ) मनसायपत्र पठाउनु पर्ने तरिका, अन्तिम मिति, समय र स्थान,

(च) मनसायपत्र खोल्ने मिति, समय र स्थान,

(छ) मनसायपत्र छनौट हुने आधार,

(ज) मनसायपत्र उपर निर्णय गरिने मिति,

(झ) अन्य आवश्यक कुराहरु ।

**५४. मनसायपत्र सम्बन्धी कागजातको दस्तुरः** (१) देहाय बमोजिमको वार्षिक आय अनुमान भएको ठेक्का बन्दोवस्तको मनसायपत्र सम्बन्धी कागजातहरुको खरिद दस्तुर देहाय बमोजिम हुनेछ :

(क) एक करोड रुपैयाँसम्मको लागि दुई हजार रुपैयाँ,

(ख) एक करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँ सम्मको लागि पाँच हजार रुपैया,

(ग) पाँच करोडभन्दा बढी र दश करोड रुपैयाँसम्मको लागि दश हजार रुपैयाँ,



(घ) दश करोड रुपैयाँ भन्दा बढी जतिसुकैको लागि पन्ध्र हजार रुपैयाँ ।

(२) मनसायपत्र पेश गर्न इच्छुक व्यक्ति आफैले वा निजबाट अधिकार प्राप्त व्यक्तिले प्राधिकरणबाट प्राधिकरणको छाप र सम्बन्धित अधिकारीको दस्तखत भएको ठेक्का बन्दोवस्तको मनसायपत्र सम्बन्धी कागजातहरु खरिद गर्नुपर्नेछ ।

(३) मनसायपत्र खरिद चाहनेले ठेक्का बन्दोवस्तको अध्ययन प्रतिवेदनको प्रतिलिपि माग गरेमा प्राधिकरणले उपलब्ध गराउनु पर्नेछ ।

**५५. मनसायपत्र पेश गर्ने** : (१) मनसायपत्र पेश गर्न चाहने व्यक्तिले नियम ५३ को खण्ड (ङ) बमोजिम तोकिएको मिति, समय, र स्थानमा प्राधिकरण समक्ष देहायको विवरण खोलेको मनसायपत्र पेश गर्नु पर्नेछः

(क) मनसायपत्रदाताको पूरा नाम थर ठेगाना,

(ख) मनसायपत्र पेश गर्ने व्यक्तिको आर्थिक तथा प्राविधिक क्षमता,

(ग) ठेक्का बन्दोवस्त कार्यान्वयन तथा सञ्चालन सम्बन्धी अनुभव,

(घ) प्राधिकरणले तोकेका अन्य कुराहरु ।

(२) उपनियम (१) बमोजिम मनसायपत्र प्राप्त भएपछि प्राधिकरणले दर्ता गरी सम्बन्धित व्यक्तिलाई त्यसको निस्सा दिनु पर्नेछ ।

**५६. मनसायपत्र मूल्याङ्कनको आधार** : (१) मनसायपत्र मूल्याङ्कन समितिले मनसायपत्र पेश गर्ने व्यक्तिको क्षमता मूल्याङ्कन गर्दा निजले यस अघि सम्पन्न गरेको समान प्रकृतिका काममा हासिल गरेको अनुभवको आधारमा गरिनेछ । यस प्रयोजनका लागि कूल क्षमता बापत कूल १०० पूर्णाङ्क मानी देहाय बमोजिम अंक विभाजन गरिनेछ :

(क) प्राविधिक क्षमता बापत २० अङ्क,

(ख) आर्थिक क्षमता बापत ७० अङ्क,

(ग) अनुभव बापत १० अङ्क

(२) उपनियम (१) बमोजिमको प्राविधिक तथा आर्थिक क्षमता तथा अनुभवको मूल्याङ्कनको आधार देहाय बमोजिम हुनेछः

(क) ठेक्का बन्दोवस्त कार्यान्वयनको लागि उपलब्ध यन्त्र उपकरण वा जनशक्ति,

(ख) ठेक्का बन्दोवस्त कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत व्यहोर्न सक्ने क्षमता वा ऋण लिने भए ऋण उपलब्ध हुने स्रोत,

(ग) ठेक्का बन्दोवस्त कार्यान्वयनसँग सम्बद्ध अनुभव ।

(३) उपनियम (२) बमोजिम गरिएको मूल्याङ्कनबाट कम्तीमा पैसठी अङ्क प्राप्त गर्नेको मनसायपत्र छनौट गरिनेछ । पैसठी अङ्क प्राप्त गर्ने कम्तीमा दुईजनाको छनौट हुन नसकेमा साठी अङ्क प्राप्त गर्नेबाट पनि छनौट गरिनेछ ।

**५७. पुनः मनसायपत्र आह्वान गर्ने** : (१) नियम ५३ बमोजिम मनसायपत्र आह्वान गर्दा एउटा मात्र मनसायपत्र प्राप्त भएमा वा नियम ५६ बमोजिम मूल्याङ्कन गर्दा कम्तीमा दुईवटा मनसायपत्र छनौट हुन नसकेमा प्राधिकरणले नियम ५३ बमोजिमको प्रक्रिया पूरा गरी कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरी पुनः मनसायपत्र आह्वान गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम मनसायपत्र आह्वान गर्दा नियम ५६ को उपनियम (३) बमोजिम छनौट भएका मनसायपत्र सो पेश गर्ने व्यक्तिले चाहेमा कायमै राखिनेछ ।

**५८. संक्षिप्त सूची तयार गर्ने** : (१) प्राधिकरणले यस नियमावली बमोजिम मनसायपत्र छनौट गरेपछि त्यसको संक्षिप्त सुची तयार गर्नेछ ।



(२) उपनियम (१) बमोजिम संक्षिप्त सूची तयार गरेको सात दिन भित्र प्राधिकरणले त्यस्तो सूचीमा परेकालाई सोको लिखित जानकारी दिनु पर्नेछ ।

**५९. प्रस्ताव आह्वान गर्ने** : प्राधिकरणले नियम ५८ बमोजिम संक्षिप्त सूची तयार गरेपछि देहायका कुराहरु खुलाई सो सूचीमा परेकाहरुबाट प्रस्ताव आह्वान गर्नु पर्नेछः

(क) प्रस्ताव सम्बन्धी कागजात खरिद गर्ने कार्यालय र सोको दस्तुर,

(ख) प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान,

(ग) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

(घ) प्रस्ताव मूल्याङ्कनको आधार,

(ङ) प्रस्ताव उपर निर्णय गरिने समय सिमा,

(च) अन्य आवश्यक कुराहरु ।

**६०. प्रस्ताव सम्बन्धी कागजातको खरिद दस्तुरः** प्रस्ताव सम्बन्धी कागजातको खरिद दस्तुर नियम ५४ बमोजिमको मनसायपत्र सम्बन्धी कागजातको दस्तुर सरह हुनेछ ।

**६१. प्रस्ताव पेश गर्नुपर्ने** : (१) प्रस्ताव पेश गर्न चाहने व्यक्तिले प्राधिकरणको छाप र सम्बन्धित अधिकारीको दस्तखत भएको प्रस्ताव सम्बन्धी कागजात खरिद गरी सो कागजातमा उल्लेख भए बमोजिमका विवरणहरु भरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलवन्दी गरी ती दुबै खामलाई अर्को खाममा राखी पुनः शिलबन्दी गरी प्राधिकरण समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) प्रस्तावकले उपनियम (१) बमोजिमको प्राविधिक प्रस्तावमा देहायका कुराहरु खुलाउनु पर्नेछः

(क) ठेक्का वन्दोवस्तको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) ठेक्का बन्दोवस्तको अनुमानित लागत,

(ग) ठेक्का बन्दोवस्तको वित्तीय स्रोत,

(घ) ठेक्का बन्दोवस्त कार्यान्वयन सम्बन्धी विवरण,

(ङ) ठेक्का बन्दोवस्त गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(च) ठेक्का बन्दोवस्त सम्बन्धी प्रकृया,

(छ) आवश्यक अन्य विवरण ।

(३) प्रस्तावकले उपनियम (१) बमोजिमको आर्थिक प्रस्तावमा देहाय बमोजिमका कुराहरु खुलाउनु पर्नेछः

(क) ठेक्का बन्दोवस्त गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क र तत् सम्बन्धी अन्य आवश्यक कुराहरु,

(ख) ठेक्का बन्दोवस्त गर्दा प्राधिकरणलाई भुक्तानी गर्ने भाडा दस्तुर, आय अंश, रोयल्टीका दर र भुक्तानी गर्ने रकमको किस्तावन्दी अङ्क

(ग) सम्झौताको प्रस्तावित अवधि ।

(४) आर्थिक प्रस्ताव पेश गर्दा प्रस्तावकले उपनियम (३) बमोजिम खण्ड (क), (ख) र (ग) को सम्बन्धमा एकभन्दा बढी वैकल्पिक प्रस्ताव पेश गर्न सक्नेछ र वैकल्पिक प्रस्ताव पेश भएकोमा उपयुक्त प्रस्तावको छनौट गर्ने अधिकार प्राधिकरणमा निहीत रहनेछ ।



(५) उपनियम (१) बमोजिम प्रस्ताव पेश भएपछि प्राधिकरणले सो प्रस्ताव दर्ता गरी त्यसको निस्सा प्रस्तावकलाई दिनु पर्नेछ ।

**६२. विड वण्ड पेश गर्नु पर्ने** : प्रस्ताव पेश गर्दा प्रस्तावकले पेश गरेको लागत अनुमान वा भुक्तानी गर्न कबुल गरेको रोयल्टी रकम मध्ये जुन बढी हुन्छ सोको पाँच प्रतिशतले हुन आउने रकम धरौटी वा त्यसले खाम्ने रकम बराबरको प्राधिकरणले तोकेको ढाँचामा जारी भएको कम्ती ६ महिना मान्य अवधि रहेको बैंक प्रत्याभूति (विडवण्ड) समेत पेश गर्नु पर्नेछ ।

**६३. प्रस्ताव छनौट गर्ने** : (१) नियम ६१ बमोजिम प्राप्त प्रस्ताव मध्ये प्राधिकरणले सर्वप्रथम प्राविधिक प्रस्ताव खोली देहाय बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता तथा अनुभव,

(ग) प्रस्तावकको कार्यदक्षता तथा अनुभव,

(घ) ठेक्का वन्दोवस्त सम्बन्धी कार्यान्वयन प्रकृया तथा कार्यतालिका,

(ङ) ठेक्का बन्दोवस्त सम्बन्धी वित्तीय स्रोत तथा तत्सम्बन्धी योजना,

(च) ठेक्का बन्दोवस्तलाई बढी सम्भाव्य तथा उपयोगी बनाउन पेश गरिएका अन्य वैकल्पिक उपायहरु ।

(२) उपनियम (१) बमोजिम प्राविधिक प्रस्तावकको मूल्याङ्कन गर्दा प्राधिकरणले कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्ताव छनौट गर्नु पर्नेछ । त्यसरी छनौट गर्दा साठी प्रतिशत अङ्क प्राप्त गर्ने कम्तीमा दुईवटा मनसायपत्र छनौट हुन नसकेमा प्राधिकरणले कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने अन्य प्रस्तावकको प्राविधिक प्रस्ताव पनि छनौट गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राविधिक प्रस्ताव स्वीकृत गरेपछि प्राधिकरणले आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान खोली प्राविधिक प्रस्ताव स्वीकृत भएका प्रस्तावकलाई सूचना दिनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राविधिक प्रस्ताव स्वीकृत नभएमा प्राधिकरणले सो प्रस्तावकलाई आर्थिक प्रस्ताव फिर्ता लिन आउन सूचना गर्नु पर्नेछ । त्यसरी सूचना दिएको तीस दिनभित्र आर्थिक प्रस्ताव फिर्ता लिन आएमा प्राधिकरणले सम्बन्धित प्रस्तावकलाई सो प्रस्ताव फिर्ता दिनु पर्नेछ । यसरी प्राविधिक प्रस्ताव स्वीकृत नभएका प्रस्तावकले दाखिला गरेको विडवण्ड वा धरौटी सोही बखत फिर्ता दिईनेछ ।

(५) आर्थिक प्रस्ताव देहायको आधारमा मूल्याङ्कन गरिनेछः

(क) ठेक्का बन्दोवस्त गर्दा उपभोक्तासँग लिने सेवा शुल्क,

(ख) प्राधिकरणलाई बुझाउने रोयल्टी वा अन्य प्रकारको रकम तथा सो रकम भुक्तानी गर्ने समय र तरिका,

(ग) सम्झौताको अवधि ।

(६) उपनियम (५) बमोजिम आर्थिक प्रस्ताव मूल्याङ्कन गरिसकेपछि प्राधिकरणले सबभन्दा बढी उपयुक्त देखिएको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा एकभन्दा बढी मनसाय पत्र उपयुक्त देखेमा प्राधिकरणले प्राथमिकता तोकी बैकल्पिक प्रस्ताव पनि छनौट गर्नु पर्नेछ ।

(८) उपनियम (६) वा (७) बमोजिम छनौट भएको प्रस्ताव सञ्चालक समितिबाट स्वीकृत गराई स्वीकृत भएको सात दिनभित्र प्राधिकरणले त्यसको जानकारी सम्बन्धित प्रस्तावकलाई दिनु पर्नेछ ।



(९) उपनियम (६) बमोजिम प्रस्ताव स्वीकृत भएपछि प्राधिकरणले प्रस्तावकसँग ठेक्का बन्दोवस्तको समझदारीपत्र सम्पन्न गर्न सक्नेछ ।

(१०) उपनियम ९ बमोजिमको समझदारीपत्रमा तोकेको समयावधिभित्र प्रस्तावकले ठेक्का बन्दोवस्त सम्बन्धी देहायका विवरणहरु प्राधिकरण समक्ष पेश गर्नु पर्नेछः

(क) ठेक्का बन्दोवस्तको विवरण,

(ख) ठेक्का बन्दोवस्तको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) ठेक्का बन्दोवस्त गर्ने तरिका,

(घ) ठेक्का बन्दोवस्तको अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ङ) ठेक्का बन्दोवस्तको कार्यान्वयनको संस्थागत प्रस्तावित शुल्क,

(च) ठेक्का बन्दोवस्त गर्दा उपभोक्ताबाट लिईने प्रस्तावित शुल्क,

(छ) ठेक्का बन्दोवस्त सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरेको भए त्यसको विवरण,

(ज) ठेक्का बन्दोवस्त गर्दा प्राधिकरणलाई बुझाउने प्रस्तावित रोयल्टी,

(झ) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विस्तृत विवरण,

(ञ) ठेक्का वन्दोवस्तको विमा सम्बन्धी व्यवस्था,

(ट) ठेक्का वन्दोवस्तको हुने क्षेत्र,

(ठ) ठेक्का बन्दोवस्त सम्बन्धमा प्रस्तावकले अबलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था

(ड) समझदारीमा तोकिए बमोजिमका अन्य विवरण ।

(११) उपनियम १० बमोजिमको समायावधि भित्र प्रस्तावकले विवरण पेश नगरेमा सञ्चालक समितिले निजसँग भएको सम्झौता वा पेश भएको मनसायपत्र रद्द गर्न सक्नेछ । प्रस्तावकले त्यसरी पेश गरेको विवरण अध्ययन गर्दा कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा प्राधिकरणले आवश्यकता अनुसार परिवर्तन वा संशोधन गरी पुन पेश गर्न निश्चित समय प्रदान गर्न सक्नेछ । सो समय भित्र पनि सो बमोजिम परिवर्तन वा संशोधन गरी पेश नगरेमा सञ्चालक समितिले कारण खुलाई प्रस्तावकसँग गरेको समझदारीपत्र तथा प्रस्ताव रद्द गर्न सक्नेछ ।

(१२) उपनियम (११) बमोजिम समझदारीपत्र तथा प्रस्ताव रद्द भएमा प्रस्तावकले प्राधिकरणसँग कुनै किसिमको हानी नोक्सानी बापतको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

**६४. रकम वा जमानत दाखिल गर्नु पर्ने** : (१) प्राधिकरणले नियम ६३ बमोजिम छनौट भएको प्रस्तावकलाई ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कूल ठेक रकमको दश प्रतिशतले हुन आउने रकम वा सो बराबरको ठेक्का अवधिभर मान्य हुने वाणिज्य बैंक वा वित्तीय संस्थाले जारी गरेको प्राधिकरणले तोकेको ढाँचाको प्रत्याभूतिपत्र ( परफरमेन्स वण्ड) प्राधिकरणमा दाखिला गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दाखिला गरेको जमानत देहायका अवस्थामा जफत हुनेछः



(क) संयुक्त उपक्रममा प्रस्ताव पेश गरेकोमा कुनै व्यक्तिले आफू सो उपक्रमबाट अलग भएको जानकारी प्राधिकरणलाई दिएमा र बाँकी रहेको व्यक्तिले मात्र ठेक्का बन्दोवस्त गर्न सक्ने नदेखिएमा वा सामान योग्यता भएको अर्को व्यक्तिलाई सो उपक्रममा समावेश गर्न नसकी सम्झौता रद्द गर्नु पर्ने भएमा,

(ख) प्रस्तावकले समझदारी पत्र एवं सम्झौतापत्र बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम कुरा गरेको कारण सम्झौता रद्द गर्नु पर्ने भएमा,

(ग) सम्झौता बमोजिम प्राधिकरणलाई बुझाउनु पर्ने रकम नबुझाएमा ।

**६५. सम्झौता गर्ने** : नियम ६३ को उपनियम १० बमोजिमको प्राप्त विवरणको आधारमा प्रस्तावकसँग समझौता गर्न उपयुक्त देखि सञ्चालक समितिले प्रस्तावकको विवरण सहितको प्रस्ताव स्वीकृत गरेमा प्राधिकरणले आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

**६६. सम्झौतामा खुलाउनु पर्ने कुराहरुः** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछः

(क) ठेक्का बन्दोवस्तको विवरण,

(ख) ठेक्का शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) ठेक्का प्रस्तावकले पाउने सेवा तथा सहुलियत,

(घ) सम्झौताको अवधि,

(ङ) ठेक्का बन्दोवस्त चरणबद्ध विवरण र कार्यान्वयनतालिका,

(च) ठेक्का बन्दोवस्त प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) ठेक्का बन्दोवस्त संचालन सम्बन्धी विवरण,

(ज) ठेक्का बन्दोवस्त अन्य मार्फत गराउने भए सोको विवरण र त्यसको शर्तहरु,

(झ) ठेक्का बन्दोवस्तको हस्तान्तरणको शर्त,

(ञ) ठेक्का बन्दोवस्त गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) ठेक्का बन्दोवस्तको बीमा सम्बन्धी व्यवस्था,

(ठ) प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क, भाडा, रोयल्टी

(ड) सम्झौता रद्द हुने अवस्था,

(ढ) अन्य आवश्यक कुराहरु ।

६७. **सम्झौता अवधि** : (१) यस नियमावली अन्तर्गत गरिने सम्झौताको अधिकतम अवधि दशवर्षको हुनेछ ।

•(२) ........................................

६८. **सम्झौता बमोजिम हुने** : यस नियमावली बमोजिम भएको सम्झौतामा लेखिएको कुरामा सम्झौता बमोजिम नै हुनेछ ।

६९. **मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कन समिति** : (१) मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कन तथा सिफारिश गर्न देहाय बमोजिमको संयोजक तथा सदस्य रहेका मनसायपत्र तथा मनसायपत्र मूल्याङ्कन समिति रहनेछः

• तेस्रो संशोधनबाट खारेजी



(क) महानिर्देशकले तोकेको प्राधिकरणको पदाधिकारी-संयोजक

(ख) महानिर्देशकले तोकेको परियोजनासँग सम्बन्धित विषयमा अनुभवप्राप्त प्राधिकरणका पदाधिकारी - सदस्य

(ग) परियोजनासँग सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाको प्रमुख - सदस्य

(घ) महानिर्देशकले तोकेको कानूनविद वा कानून अधिकृत - सदस्य

(ङ) परियोजनासँग सम्बन्धित कार्यालयको प्रमुख - सदस्य सचिव

(२) मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक देखेमा आफ्नो वैठक सम्बन्धित क्षेत्रका विशेषज्ञलाई राय परामर्श व्यक्त गर्न आमन्त्रण गर्न सक्नेछ ।

(३) मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कन समितिको वैठक सञ्चालन लगायत निर्णय गर्ने कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७०. **मनसायपत्र वा प्रस्ताव खोल्दा मुचुल्का गराउनु पर्ने** : प्राधिकरणले मनसायपत्र वा प्रस्ताव पेश गर्ने व्यक्ति वा निजका आधिकारिक प्रतिनिधिको रोहबरमा निर्धारित मिति, समय र स्थानका मुचुल्का गरी मनसायपत्र वा प्रस्ताव खोली मुचुल्कामा निजहरुको समेत सही छाप गराउनु पर्नेछ । मनसायपत्र वा प्रस्तावमा कुनै कैफियत देखिएको व्यहोरा मुचुल्कामा खुलाउनु पर्नेछ ।

७१. **रीत नपुगेको मनसायपत्र वा प्रस्ताव उपर कारबाही नहुने**: यस नियमावली बमोजिम रीत नपुर्‍याई पेश भएको मनसाय पत्र वा प्रस्ताव उपर कुनै कारबाही गरिनेछैन ।

**७२. संशोधन वा म्याद थप गर्न सक्ने** : (१) प्राधिकरणले मनसायपत्र वा प्रस्ताव सम्बन्धी कागजात वा कुनै विवरण पेश गर्ने प्रकृयामा कुनै कुरा संशोधन गर्न परेमा त्यसको कारण खुलाई संशोधन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम संशोधन गर्दा मनसायपत्र वा प्रस्ताव पेश गर्न एक्काईस दिनभन्दा घटी समय हुने भएमा कम्तीमा एक्काईस दिन हुने गरी म्याद दिनु पर्नेछ । अन्य कुनै कारणले मनसायपत्र वा प्रस्ताव गर्ने म्याद थप गर्नुपर्ने अवस्था परी म्याद थप भएकोमा मनसायपत्र वा प्रस्ताव पेश गर्ने निजी पक्षले साबिकको मनसायपत्र वा प्रस्ताव कायम राख्न वा सो मनसायपत्र वा प्रस्ताव फिर्ता लिई अर्को मनसायपत्र वा प्रस्ताव पेश गर्न सक्नेछ ।

(३) उपनियम (२) बोजिम अर्को मनसायपत्र वा प्रसताव पेश गर्ने पक्षले यस नियमावली बमोजिम लाग्ने दस्तुर तिरी मनसायपत्र वा प्रस्ताव सम्बन्धी कागजात खरिद गर्नु पर्नेछ ।

**७३. स्पष्ट गर्न वा कागजात पेश गर्न लगाउने** : (१) मनसायपत्र वा प्रस्ताव पेश गर्ने पक्षले मनसायपत्र वा प्रस्ताव सम्बन्धी कागजात वा प्रकृयाको सम्बन्धमा कुनै कुरा स्पष्ट हुन आवश्यक ठानी मनसायपत्र वा प्रस्ताव पेश गर्ने अन्तिम मिति भन्दा कम्तीमा पन्ध्र दिन अगावै प्राधिकरणमा लिखित अनुरोध गरेमा प्राधिकरणले अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र स्पष्ट गरिदिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्पष्ट गरिएको विषयमा मनसायपत्र वा प्रस्ताव पेश गर्ने अन्य पक्षलाई पनि जानकारी दिनु पर्ने देखिएमा प्राधिकरणले जुन माध्यमबाट मनसायपत्र वा प्रस्ताव आव्हान गरिएको हो सोही माध्यमबाट जानकारी गराउनु पर्नेछ ।

(३) मनसायपत्र तथा प्रस्तावमा संलग्न कागजातमा कुनै कुरा स्पष्ट गर्न आवश्यक भएमा मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कन समितिले मनसायपत्र तथा प्रस्ताव प्रस्तुतकर्तालाई थप कागजात पेश गर्न लागाउन सक्नेछ ।



तर मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कनमा तात्विक असर पर्ने गरी कुनै कागजात पेश गर्न लगाउन सकिनेछैन ।

**७४. अनुमतिपत्रको अवधि निर्धारणको आधार** : नियम ६७ को प्रयोजनका लागि सम्झौताको अवधिको निर्धारण देहायका आधारमा गरिनेछ:

(क) ठेक्का बन्दोवस्तको प्रकृति

(ख) ठेक्का बन्दोवस्तको लागत

(ग) ठेक्का वन्दोवस्त गर्नेले उठाउन पाउने शुल्क

(घ) ठेक्का बन्दोवस्त गर्नेले प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क, भाडा, रोयल्टी वा अन्य प्रकारको रकम

(ङ) ठेक्का बन्दोवस्तको कूल अवधि

(च) ठेक्का बन्दोवस्तको वित्तीय स्रोत

(छ) अन्य कुराहरु ।

## परिच्छेद–५
## विविध

**७५. छुट वा मिनाहा दिन सक्ने** : कुटनैतिक सेवाको, खोजतलास तथा उद्धार तथा प्रकोप व्यवस्थापन कार्यमा संलग्न वायुयान एवं सरकारी तथा सुरक्षा सेवामा संलग्न सवारी साधनमा प्राधिकरणले यस नियमावली बमोजिम लगाउने र असूल उपर गर्ने शुल्क आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा छुट वा मिन्हा दिन सक्नेछ ।

**७६. परिवर्त्य विदेशी मुद्राको दर** : यस नियमावली बमोजिम कुनै सेवा उपभोगकर्ताले प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने शुल्क नेपाली मुद्रामा भुक्तान गर्दा सेवा उपभोग गरेको दिनको नेपाल राष्ट्र बैंकद्वारा निर्धारित अमेरिकी डलरको विनियम दरलाई आधार मानिनेछ ।

तर मासिक रुपमा एकै पटक बुझाउने गरी सहुलियत प्राप्त वायुयानको हकमा भने विजक जारी गर्ने दिनको लागि नेपाल राष्ट्र बैंकले निर्धारण गरेको अमेरिकी डलरको विनियम दरलाई आधार मानिनेछ ।

**७७. निर्देशिका, कार्यविधि बनाउन सक्ने** : यस नियमावलीको कार्यान्वयनको लागि प्राधिकरणले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**७८. प्रचलित कानून बमोजिम हुने** : यस नियमावलीमा उल्लेख भएको व्यवस्थाका हकमा यसै नियमावली बमोजिम र अन्य विषयको हकमा ऐन तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**७९. बाधा अड्काउ फुकाउ** : यस नियमावलीको कार्यान्वयनको सिलसिलामा कुनै किसिमको बाधा अड्चन उत्पन्न भएमा प्राधिकरणको उच्चतम हितलाई दृष्टिगत गरी समितिले नेपाल सरकारसँग परामर्श गरी आवश्यक निर्णय गर्न सक्नेछ ।

**८०. अनुसूचीमा संशोधन** : नेपाल सरकारको पूर्व स्वीकृति लिई प्राधिकरणले यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

**८१. बचाउ** : यो नियमावली प्रारम्भ हुनु अगावै विमानस्थल दस्तुर नियमावली, २०३८ अनुसार भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



## अनुसूची - १
### (नियम ४ उपनियम (१) सँग सम्बन्धित)
### अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्क

**१. अन्तर्राष्ट्रिय विमानस्थलमा**

| क्र.सं. | वायुयानको तौल | शुल्क (अमेरिकी डरलमा) |
|---|---|---|
| १. | दशहजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको एक डलर पच्चीस सेन्ट |
| २. | दशहजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दशहजार किलोग्रामको बाह्र डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई डलर पचास सेन्ट |
| ३. | पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्रामको उनान्पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्राको तीन डलर पचहत्तर सेन्ट |
| ४. | पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | पहिलो पचासहजार किलोग्रामको एक सय चालीस डलर पचास सेन्टर त्यसपछिको प्रत्येक हजार किलोग्रामको छ डलर |
| ५. | पचहत्तर हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचहत्तर हजार किलोग्रामको दुई सय त्रियानब्बे डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात डलर पैतीस सेन्ट |
| ६. | एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको चार सय पचहत्तर डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको आठ डलर पचपन्न सेन्ट |

**२. आन्तरिक उडानका विमानस्थलमा**

**(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा विमानस्थल**

| | | |
|---|---|---|
| १. | दशहजार किलोग्रामसम्मको | प्रति हजार किलोग्राम पचपन्न रुपैया |
| २. | दश हजार भन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको पाँच सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय दश रुपैयाँ |
| ३. | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्रामको दुई हजार दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय पैसठ्ठी रुपैयाँ |
| ४. | पचास हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो पचासहजार किलोग्रामसम्मको छ हजार तीनसय पच्चीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामसम्मको दुईसय बीस रुपैयाँ |

**(ख) भद्रपुर, विराटनगर, सिमरा, भैरहवा (गौतमबुद्ध विमानस्थल), नेपालगन्ज, लुक्ला, जोमसोम र मेघौली विमानस्थलमा**

| | | |
|---|---|---|
| १. | दशहजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको चालीस रुपैया |
| २. | दश हजार किलोग्राभन्दा बढी बीस हजार किलोग्रामम्म | पहिलो दश हजार किलोग्रामको चार सय पैतीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको असी रुपैयाँ |
| ३. | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको एक हजार दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय बीस रुपैयाँ । |



**(ग) जनकपुर, भरतपुर, सुर्खेत, धनगढी र महेन्द्रनगर विमानस्थलमा**

| | | |
|---|---|---|
| १. | दशहजार किलोग्रामसम्मको | प्रति हजार किलोग्रामको तीस रुपैया |
| २. | दश हजार किलोग्राभन्दा बढी बीस हजार किलोग्रामम्म | पहिलो दश हजार किलोग्रामको तीन सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रुपैयाँ |
| ३. | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको नौ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको नब्बे रुपैयाँ |

**(घ) ताप्लेजुङ, लामिडाँडा, तुम्लिङ्गटार, डोल्पा, जुम्ला र सिमीकोट विमानस्थलमा**

| | | |
|---|---|---|
| १. | दशहजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको पच्चीस रुपैया |
| २. | दश हजार किलोग्राभन्दा बढी बीस हजार किलोग्रामम्म | पहिलो दशहजार किलोग्रामको दुई सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचास रुपैयाँ |
| ३. | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको सात सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रुपैयाँ । |

**(ङ) अन्य विमानस्थलमा**

| | | |
|---|---|---|
| १. | दशहजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको बीस रुपैया |
| २. | दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चालीस रुपैयाँ |
| ३. | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको छ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रुपैयाँ । |

**द्रष्टव्य :**

१. वायुयानको तौलमा आधारित सेवा शुल्क निर्धारणका लागि वायुयानको उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयर वर्दिनेश) मा उडान

गर्न अनुमति प्राप्त अधिकतम तौल (म्याक्सिमम् पर्मिसिवल टेक अफ वेट) लाई आधार मानिनेछ ।

२. कुनै वायुयानको सम्बन्धमा कुनै विमानस्थलमा प्राधिकरणले तौलको हद निर्धारण भएको रहेछ भने त्यस्तो वायुयानको सम्बन्धमा सोही बमोजिमको तौल कायम गरी शुल्क निर्धारण गरिनेछ ।

३. वायुयानको तौल कायम गर्दा प्रति एकहजार किलोग्राम पछि चानचुन किलोग्राम कायम भएमा त्यस्तो चानचुन किलोग्रामलाई पनि शुल्कको प्रयोजनको लागि एकहजार किलोग्राम मानिनेछ ।

४. नेपाली रुपैयाँमा तिर्न पाउने वायुसेवाले अमेरिकी डलरमा उल्लिखित दस्तूर सो उडान भएको दिनको लागि नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्रा विनिमय दर अनुसार नेपाली रुपैयाँमा बुझाउन सकिनेछ ।



## अनुसूची -२
## (नियम ५ को उपनियम (१) सँग सम्बन्धित
## विसान (पार्किङ्ग) सेवा शुल्क

**१. अन्तर्राष्ट्रिय उडानको विमानस्थलमा**

| क्र.सं. | वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|---|
| १. | पचासहजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको एक डलर |
| २. | पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको उनन्पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पाँच सेन्ट |
| ३. | एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको एक सय वाईस डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पन्चानब्बे सेन्ट |

२. आन्तरिक उडानका विमानस्थलमा

| | | |
|---|---|---|
| १. | चालीसहजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको सैतीस रुपैयाँ पचास पैसा |
| २. | चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको पन्ध्रसय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौबन्न रुपैयाँ |
| ३. | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एकलाख किलोग्रामको चार हजार सातसय चालीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रुपैयाँ |

**द्रष्टव्य :**

१. वायुयानको तौल हिसाब गर्दा अनुसूची १ को द्रष्टव्यको आधारमा गरिनेछ ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १ मा उल्लेखित रकम बराबर नेपाली रुपैयाँमा लिइनेछ ।

## अनुसूची ३
### (नियम ६ को उपनियम (२) सँग सम्बन्धित)
### भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड हेण्डलिङ्ग) शुल्क

**१. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड हेण्डलिङ्ग) सेवा संचालनका लागि आवेदन शुल्क**

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| १. | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. ५,०००/- |
| २. | कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गका लागि | रु. १०,०००/- |

**२. ♣भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा संचालन अनुमति तथा प्रमाणपत्र शुल्क**

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| १. | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. १,००,०००/- |
| २. | कमर्शियल ह्याण्डलिङ्गका लागि | रु. २,००,०००/- |

**३. ♣भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा संचालन गर्ने अनुमाति तथा प्रमाणपत्र नवीकरण शुल्क**

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| १. | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. ५०,०००/- |
| २. | कमर्शियल ह्याण्डलिङ्गका लागि | रु. १,००,०००/- |

**४. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा संचालन गर्ने अनुमाति तथा प्रमाणपत्र प्राप्त गर्न राख्नुपर्ने धरौटी**

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| १. | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. १०,००,०००/- |
| २. | कमर्शियल ह्याण्डलिङ्गका लागि | रु. २५,००,०००/- |

**५.** ♣कमर्शियल भुमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा संचालन गरे वापत अनुमति तथा प्रमाण-पत्र प्राप्त संस्थाले त्यस्तो भुमिस्थ प्रवन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) वापत आर्जन गरेको

♣ पहिलो संशोधनद्वारा संशोधित ।



कूल आय (Gross Revenue) को १५ प्रतिशत रकम प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

**६.** ♣उद्धार उडान, हस्पिटल उडान, साना अन्तर्राष्ट्रिय चार्टर उडान वा यस्तै प्रकृतिका न्यूनतम उपकरण मात्र प्रयोग गरे पुग्ने किसिमका वायुयानले ग्राउण्ड ह्याण्डलिङ्ग एण्ड सुपरभिजन वापत सम्वन्धित नागरिक उड्डयन कार्यालयलाई यू.एस.डलर तीन सय बुझाउनु पर्नेछ ।

**७.** करारमा कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्न दिँदा करार गर्नेले लिने शुल्क प्राधिकरणबाट स्वीकृत गराई मात्र लिनु पर्नेछ ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची - ४
## (नियम ७ को उपनियम (१) सँग सम्बन्धित
## गृह आश्रय (हाउसिङ्ग) सेवा शुल्क

**१. अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा**

| क्र.सं. | वायुयानको तौल | दस्तुर (अमेरिकी डलरमा) |
|---|---|---|
| १. | पचास हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको दुई डलर पच्चीस सेन्ट |
| २. | पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचासहजार किलोग्रामको एकसय बाह्र डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर चालीस सेन्ट |
| ३. | एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको दुई सय बयासी डलर पचास सेन्ट र यसपछिको प्रत्येक हजार किलोग्रामको चार डलर पैतालीस सेन्ट |

**२. आन्तरिक उडानका विमानस्थलमा**

| क्र.सं. | वायुयानको तौल | दस्तुर (अमेरिकी डलरमा) |
|---|---|---|
| १. | चालीस हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको एक सय पचास रुपैयाँ |
| २. | चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको पाँच हजार नौ सय चालीस रुपैया र त्यसपछिको प्रत्येक हजार कलिोग्रामको दुई सय सोह्र रुपैयाँ |
| ३. | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको अठार हजार नौ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय सन्तानब्बे रुपैयाँ । |

**द्रष्टव्य** : वायुयानको तौल हिसाब गर्दा अनुसूची १ को द्रष्टव्यको आधारमा गरिनेछ । अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट क्र.सं. १ मा उल्लेखित रकम बराबर नेपाली रुपैयाँमा लिइनेछ ।



## अनुसूची - ५
## (नियम ८ को उपनियम (१) सँग सम्बन्धित)
## सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क

**१. अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा**

| क्र.सं. | वायुयानको तौल | दस्तुर (अमेरिकी डलरमा) |
|---|---|---|
| १. | पच्चीस हजार किलोग्रामसम्म | पैतालीस डलर नब्बे सेन्ट |
| २. | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | छयहत्तर डलर पचास सेन्ट |
| ३. | पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | एक सय बाउन्न डर पचहत्तर सेन्ट |
| ४. | पचहत्तर हजार किलोग्राम भन्दा बढी तौलको लागि | तीन सय पाँच डलर पचास सेन्ट । |

**२. आन्तरिक उडानका विमानस्थलमा**

१. अन्तर्राष्ट्रिय विमानस्थलमा अनुसूची १ मा तोकिएको अवतरण शुल्कको चालीस प्रतिशतले,

२. कन्ट्रोल जोन भएका विमानस्थलमा अनुसूची १ मा तोकिएको अवतरण शुल्कको पच्चीस प्रतिशतले,

३. उपखण्ड (१) र (२) बाहेकका विमानस्थलमा अनुसूची १ मा तोकिएको अवतरण शुल्कको पन्ध्र प्रतिशतले ।

**द्रष्टव्य** : वायुयानको तौल हिसाब गर्दा अनुसूची १ को द्रष्टव्यको आधारमा गरिनेछ ।

## अनुसूची - ५क.
## (नियम ८ को उपनियम (३) सँग सम्बन्धित)
## सन्चार तथा उड्डयन सहाय सेवा शुल्क

१. अन्तर्राष्ट्रिय उडानतर्फ ओभरफ्लाई सेवा उपलब्ध गराए बापत अनुसूची ५ को खण्ड १ मा उल्लिखित दरले उडान दस्तुर लाग्नेछ।

२. एउटा हेलिप्याडबाट अर्को हेलिप्याडसम्म उडान गर्ने हेलिकप्टरलाई संचार तथा उड्डयन सहाय सेवा उपलब्ध गराए बापत अनुसूची १ बमोजिमको अवरण दस्तुरको चालीस प्रतिशत दस्तुर लाग्नेछ।

## अनुसूची - ६
## (नियम ९ सँग सम्बन्धित)
## हवाई इन्धन विक्री सेवा शुल्क

विक्री भएको हवाई इन्धनको मूलयको शुन्य दशमलव तीन प्रतिशत

## अनुसूची - ७
## (नियम १० सँग सम्बन्धित)
## मालसामान (कार्गो) ढुवानी शुल्क

१. अन्तर्राष्ट्रिय उडानमा आगमन तर्फ प्रति किलोग्राम पचास पैसा

२. आन्तरिक उडानमा प्रस्थान तर्फ प्रति किलोग्राम तीस पैसा

द्रष्टव्य : मालसामान तौल गर्दा एक किलोग्राम भन्दा कम चानचुन तौल आएमा चानचुनलाई पनि एक किलोग्राम बराबरको शुल्क लगाईने र असूल गरिनेछ।



## अनुसूची - ८
## (नियम ११ सँग सम्बन्धित)
## मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुर

**(क) अन्तर्राष्ट्रिय तर्फ :**

| मालसामानको प्रकृति | निर्यात गर्दा | आयात गर्दा |
|---|---|---|
| १. साधारण | प्रति के.जी. दुई रुपैयाँ पचासी पैसा वा दुईसय रुपैया मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. पाँच रुपैयाँ पैतीस पैसा वा एकसय रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| २. बहुमूल्य | प्रति के.जी. तीन रुपैयाँ वा तीन सय रुपैयाँ मध्ये जुन बढी हुन्छ | प्रति के.जी. आठ रुपैयाँ वा दुई सय रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| ३. नाशवान | प्रति के.जी. तीन रुपैयाँ वा तीनसय रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. आठ रुपैयाँ वा दुईसय रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| ४. खतराजन्य | प्रति के.जी. ६ रुपैया वा छ सय रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. सोह्र रुपैयाँ वा चारसय रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| ५. एक्सप्रेस कुरियर व्याग र एक्सप्रेस कुरियर पार्सल र एक्सप्रेस कार्गो | प्रति के.जी. पाँच रुपैयाँ वा एकसय रुपैयाँ मध्ये जुन बढी हुन्छ | प्रति के.जी. पाँच रुपैयाँ वा दुईसय रुपैयाँ मध्ये जुन बढी हुन्छ |
| ६. जीवित जनावर आयात वा निर्यात गर्दा बहुमूल्य मालसामान आयात वा निर्यात गर्दा लाग्ने दस्तुरको दोब्बर रुपैयाँ | | |

**(ख) आन्तरिक तर्फ :**

त्रिभुवन विमानस्थलमा - प्रति के.जी. एक रुपैयाँ
विराटनगर, भौरहवा, पोखरा, नेपालगञ्ज, जनकपुर
भरतपुर, जोमसोम, लुक्ला र तराईका
अन्य विमानस्थलमा - प्रति के.जी. पचास पैसा
अन्य विमानस्थलमा - प्रति के.जी. पच्चीस पैसा

(ग) मृत शरीर र दैवी प्रकोपको मालसामान प्रबन्ध बापत कुनै दस्तुर लाग्ने छैन ।

**द्रष्टव्य :**

१) खण्ड (क) मा उल्लिखित मालसामानको वर्गीकरण अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले मान्यता दिएको मालसामानको हवाई ढुवानीको महसुल सम्बन्धी नियमावली (एयर कार्गो ट्यारिफ रुल्स) बमोजिम हुनेछ ।

२) प्यालेटाइजेशन तथा डि-प्यालेटाइजेशन गर्नु परेमा प्रतिटन पचास रुपैयाँ थप दस्तुर लाग्नेछ ।

३) मालसामान धनीको अनुरोधमा कार्यालयको अतिरिक्त समय र विदाको दिनमा मालसामान प्रबन्ध गर्नु परेमा प्रति पुलिन्दा (कन्साइनमेन्ट) दुईसय रुपैयाँ थप दस्तुर लाग्नेछ ।

४) निर्यात गर्दा पहिलो चौबीस घण्टासम्मको लागि डिमरेज दस्तुर लाग्ने छैन । सो अवधिपछि तीस दिनसम्म प्रति के.जी. एक रुपैया, एकतीसौं दिनदेखि साठी दिनसम्म प्रति के.जी. एक रुपैयाँ पचास पैसा र साठी दिनदेखि पछि जति सुकै दिन भएपनि प्रति के.जी. दुई रुपैयाँका दरले डिमरेज दस्तुर लाग्नेछ ।

५) आयात गर्दा पाँच कार्य दिनसम्म डिमरेज दस्तुर लाग्ने छैन । सो अवधि पछि तीस दिनसम्म प्रति के.जी. दुई रुपैयाँ, एकतीसौं दिनदेखि साठी दिनसम्म प्रति के.जी. दुई रुपैयाँ पचास पैसा र साठी दिनदेखि पछि जति सुकै दिन भए पनि प्रति के.जी. चार रुपैयाँका दरले डिमरेज दस्तुर लाग्नेछ । तर छुट दिइएको अवधिभित्र मालसामान नलगेमा त्यस्तो मालसामान प्राप्त भएको मितिदेखिनै डिमरेज दस्तुर लाग्नेछ ।

६) गोदामभित्र तौल गर्दा साविकमा देखाइएको भन्दा बढी तौल भएमा लाग्ने दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

७) विदेशबाट नेपालमा वा नेपालबाट विदेशमा मानव अवशेष ल्याउने लैजाने सिलसिलामा सोको प्रबन्ध गरे बापत कुनै दस्तुर लाग्ने छैन ।



## अनुसूची - ९
## (नियम १२ सँग सम्बन्धित)
## सवारी साधन विसान सेवा शुल्क

**१. ♣त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा**

| क्र.सं. | सवारी साधन | दस्तुर (भ्याट सहित) |
|---|---|---|
| १. | मोटर साइकल, स्कुटर, रिक्सा आदी | (क) प्रतिघण्टा पाँच रुपैयाँ<br>(ख) प्रतिदिन तीस रुपैयाँ |
| २. | कार, जिप, टेम्पो | (क) प्रतिघण्टा बीस रुपैयाँ<br>(ख) प्रतिदिन एकसयबीस रुपैयाँ<br>(ग) प्रति तीनमहिना तीनहजार रुपैयाँ |
| ३. | लिमोजिन | (क) प्रतिघण्टा बीस रुपैयाँ<br>(ख) प्रतिदिन एकसय बीस रुपैयाँ<br>(ग) प्रति तीनमहिना तीनहजार रुपैयाँ |
| ४. | बस ट्रक आदी (गह्रौं सवारी साधन) | क) प्रति ईण्ट्री पचास रुपैयाँ |
| ५. | हल्का सवारी साधन ( मिनीबस, माइक्रोबस आदी) | (क) प्रतिघण्टा तीस रुपैयाँ<br>(ख) प्रतिदिन एकसयपचास रुपैयाँ<br>(ग) प्रतिमहिना एकहजार पाँचसय रुपैयाँ<br>(घ) प्रति तीनमहिना चारहजार रुपैयाँ |

**२. ♣अन्य विमानस्थलमा**

| क्र.सं. | सवारी साधान | दस्तुर (प्रत्येक दुई घण्टाको लागि) |
|---|---|---|
| १ | मोटरसाइकल, स्कुटर, रिक्सा | पाँच रुपैयाँ |
| ३. | कार, जीप, टेम्पो, एक्का, गाडा | दश रुपैयाँ |
| ४. | बीस सिट भन्दा कम क्षमता भएको मिनी बस, बस वा बग्गी | बीस रुपैयाँ |
| ५ | बीस सिट भन्दा बढी क्षमता भएको मिनी बस, बस वा बग्गी | चालीस रुपैयाँ |

**द्रष्टव्य :**

नियमित रुपमा विसान गर्ने सवारी साधनको लागि एकमुष्ट मासिक दरले अग्रिम बुझाउनेलाई तीस दिनको लागि लाग्ने दस्तुरको दुई तिहाईको दरले हुन आउने रकम मात्र लाग्नेछ ।

---

♣पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची - १०
## (नियम १३ सँग सम्बन्धित)
## प्रवेश शुल्क

**१. आगन्तुक प्रवेश शुल्क**

(१) ♣त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनमा रहेको भिजिटर्स डेकमा प्रवेश गर्दा मु.अ.कर सहितको पच्चीस रुपैयाँ ।

(२) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको सार्वजनिक क्षेत्रमा प्रवेश गर्दा दश रुपैयाँ ।

(३) अन्य विमानस्थलमा भवनको सार्वजनिक क्षेत्रमा प्रवेश गर्दा पाँच रुपैयाँ ।

(४) ♣त्रि.अ.वि. क्षेत्र प्रवेश पास बापत प्रत्येक दुई वर्षको लागि एकजार रुपैयाँ । उक्त प्रवेश पास हराई पुन बनाउनु परेमा जरिवाना बापत एक हजार र नयाँ प्रवेश पास बापत एकहजार गरी दुई हजार रुपैयाँ ।

**२. सवारी साधन प्रवेश दस्तुर (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल)**

| क्र.सं. | सवारी साधान | दस्तुर |
|---|---|---|
| १ | हल्का सवारी साधन | प्रति ६ घण्टा दुईसय रुपैयाँ |
| २ | हल्का सवारी साधन | प्रति महिना दुईहजार रुपैयाँ |
| ३ | हल्का सवारी साधान | प्रति तीन महिना चार हजार रुपैयाँ |
| ४ | गह्रौ सवारी साधन बस आदि | प्रति महिना दुई हजार पाँच सय रुपैयाँ |
| ५ | गह्रौ सवारी साधन बस आदि | प्रति तीन महिना पाँचहजार पाँचसय रुपैयाँ |

**३.** अन्य विमानस्थलमा यात्रु प्रवेशपत्र दस्तुर तथा सवारी साधन प्रवेश दस्तुर खण्ड १ र ३ मा उल्लेख भएको दस्तुरको आधार दस्तुर लाग्नेछ ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।



**४.** विमानस्थल क्षेत्रभित्र एक निकायको सवारी साधान वा यन्त्र उपकरण अर्को निकायलाई विमानस्थल कार्यालयको स्वीकृति लिई भाडामा उपलब्ध गराउँदा लिइने भाडा रकमको पन्ध्र प्रतिशतले हुने आय अंश भाडामा उपलब्ध गराउने निकायले प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

**५.** द्रष्टव्य २ मा उल्लिखित सवारी साधन बाहेकका सरकारी, कुटनैतिक, गैरसरकारी संघ, संस्थाको हकमा पाँच सय रुपैयाँ प्रतिपास (स्थायी) दस्तुर लिई उपलब्ध गराउन सकिनेछ ।

**द्रष्टव्य :**

१. विमानस्थलमा खटिने कर्मचारी, सुरक्षा प्रहरी गार्ड तथा सैनिकलाई दस्तुर विना नै प्रवेशपत्र उपलब्ध गराउनु पर्नेछ ।

२. विमानस्थल कार्यालय र विमानस्थल सुरक्षा प्रहरी गार्ड तथा सैनिक कार्यालयका सवारी साधन र यन्त्र उपकरणको प्रवेश दस्तुर लाग्ने छैन ।

♦३. सिकिस्त बिरामी बोकेर ल्याउने एम्बुलेन्सलाई Valid Document पेश गरेको आधारमा प्रवेश दस्तुर लाग्ने छैन ।

♦ पहिलो संशोधनद्वारा थप ।

## अनुसूची - ११
## (नियम १४ सँग सम्बन्धित)
## व्यवसायिक महत्वको कक्ष (सी.आई.पी. रुम) प्रयोग शुल्क

♣ अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिघण्टा प्रतिव्यक्ति मु.अ. कर सहित चारसय पचास रुपैया ।

## अनुसूची - १२
## (नियम १५ सँग सम्बन्धित)
## चलचित्र छ्याँकन शुल्क

चलचित्र, भिडियो चलचित्र आदि खिचे बापत सम्बन्धित चलचित्र निर्मातासँग प्रत्येक ६ घण्टाको एक पटकको दरले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दशहजार रुपैयाँ र अन्य विमानस्थलमा पाँचहजार रुपैयाँका दरले ।

## अनुसूची - १३
## (नियम १६ सँग सम्बन्धित)
## भवन तथा कोठा बहाल शुल्क

♣१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको चेक इन एरिया बाहिर प्रतिमहिना प्रतिवर्गमिटर एकहजार पाँचसय रुपैयाँ, चेक इन एरियामा प्रतिमहिना प्रति वर्गमिटर दुईहजार रुपैयाँ, आगमन तर्फ प्रतिमहिना प्रतिवर्गमिटर दुईहजार पाँचसय रुपैयाँ, प्रस्थान तर्फ प्रतिमहिना प्रतिवर्गमिटर तीनहजार रुपैयाँ, स्टेराइल एरियामा प्रतिमहिना प्रतिवर्गमिटर पाँचहजार रुपैयाँ र अन्तर्राष्ट्रिय अपरेशन एअरलाइन्स बिल्डिङ्गमा प्रतिमहिना प्रतिवर्गमिटर एकहजार आठसय रुपैयाँ ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनमा प्रतिमहिना प्रतिवर्गमिटर एकहजार रुपैयाँ ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।



३. पोखरा, नेपालगन्ज, विराटनगर, लुक्ला विमानस्थलमा प्रतिमहिना प्रतिवर्गमिटर तीनसय रुपैयाँ ।

४. भद्रपुर, जनकपुर, सिमरा, भरतपुर, भैरहवा (गौतमवुद्ध विमानस्थल), जोमसोम, मेघौली, जुम्ला, सुर्खेत र धनगढी विमानस्थलमा प्रतिमहिना प्रतिवर्गमिटर दुईसय रुपैयाँ ।

५. अन्य विमानस्थलमा प्रतिमहिना प्रतिवर्गमिटर एकसय पचास रुपैयाँ ।

६. खण्ड १ र २ मा लेखिए बाहेक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्र भित्रको अन्य कुनै भवन, भवनको कुनै भाग वा कोठामा प्रतिमहिना प्रतिवर्गमिटर आठसय रुपैयाँ ।

## अनुसूची - १४
## (नियम १७ सँग सम्बन्धित)
## वायुयान आश्रय गृह (हैङ्गर) बहाल शुल्क

♣१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिमहिना प्रतिवर्गमिटर तीनसय रुपैयाँ ।

२. अन्य विमानस्थलमा प्रतिमहिना प्रतिवर्गमिटर एकसय पचास रुपैयाँ ।

## अनुसूची - १५
## (नियम १८ सँग सम्बन्धित)
## जग्गा बहाल शुल्क

♣१. **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल :**

(१) नागरिक उड्डयन, पर्यटन वा व्यापारिक प्रयोजनको लागि प्रतिवर्ष प्रतिवर्गमिटर न्युनतम छ सय रुपैयाँमा बढाबढ प्रक्रिया द्वारा निर्धारित दरमा ।

तर ह्याङ्गर निर्माणको लागि प्रतिमहिना प्रतिवर्गमिटर दुईसय पचास रुपैयाँ ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

(२) कृषि प्रयोजनको लागि प्रतिरोपनी प्रतिवर्ष एकहजार रुपैयाँ ।

(३) गल्फ कोर्ष तथा अन्य खेलकुदको लागि प्रतिरोपनी प्रतिवर्ष दुईहजार रुपैयाँ ।

∇(४) ईक्वीपमेन्ट यार्डमा प्रति वर्गमिटर प्रतिवर्ष छ सय रुपैयाँ ।

**२. अन्य विमानस्थलमा :**

(१) नागरिक उड्डयन, पर्यटन वा व्यापारिक प्रयोजनको लागि प्रतिवर्ष प्रति वर्गमिटर न्युनतम एकसय रुपैयाँमा बढाबढ प्रक्रिया द्वारा निर्धारित दरमा ।

तर ह्याङ्गर निर्माणको लागि प्रतिमहिना प्रतिवर्गमिटर एकसय पचास रुपैयाँ ।

(२) कृषि प्रयोजनको लागि प्रतिरोपनी प्रतिवर्ष पाँचसय रुपैयाँ ।

(३) गल्फ कोर्ष तथा अन्य खेलकुदको लागि प्रतिरोपनी प्रतिवर्ष पाँचसय रुपैयाँ ।

## अनुसूची - १६
## (नियम १९ सँग सम्बन्धित)
## विज्ञापन शुल्क

**१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा**

(१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन भित्र प्रतिमहिना प्रतिवर्गमिटर दुईहजार पाँचसय रुपैयाँ ।

(२) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवन भित्र प्रतिमहिना प्रति वर्गमिटर एकहजार पाँचसय रुपैयाँ ।

∇ दोस्रो संशोधनबाट संशोधित



(३) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्र भित्र प्रतिमहिना प्रति वर्गमिटर आठसय रुपैयाँ ।

(४) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्र भित्र कुनै किसिमको व्यानर, प्लेकार्ड आदी अस्थायी रुपमा राख्न प्रतिदिन प्रतिवर्गमिटर पाँचसय रुपैयाँ ।

(५) कुनै व्यवसायिक संस्थाले Flight Information Display System आफ्नो व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न चाहेमा रोयल्टी वापत प्रतिवर्ष अमेरिकी डलर पाँचसय ।

**♦२. अन्य विमानस्थलमा :**

(१) पोखरा, विराटनगर, भैरहवा (गौतमवुद्ध विमानस्थल), नेपालगन्ज, लुक्ला र जोमसोम, विमानस्थलमा टर्मिनल भवन भित्र प्रतिमहिना प्रतिवर्गमिटर पाँचसय रुपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रतिमहिना प्रतिवर्गमिटर तीनसय रुपैयाँ ।

(२) उपखण्ड (१) बाहेकका अन्य विमानस्थलको टर्मिनल भवन भित्र प्रति महिना प्रति वर्गमिटर दुई सय रुपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्र भित्र प्रति महिना प्रति वर्गमिटर एक सय रुपैयाँ ।

## अनुसूची - १७
## (नियम २० सँग सम्बन्धित)
## सुरक्षा सेवा शुल्क

अनुसूची - १ मा तोकिएको अवतरण शुल्कको दश प्रतिशत ।

♦ पहिलो संशोधनद्वारा थप ।

## अनुसूची - १८
## (नियम २१ सँग सम्बन्धित)
## क्याटरिङ्ग सेवा शुल्क

विक्री गरेको बिलमा उल्लिखित रकमको ♣दश प्रतिशत ।

## अनुसूची - १९
## (नियम २२ सँग सम्बन्धित)
## यात्रु परिवहन सेवा

सेवा उपलब्ध गराउँदाको बिलमा उल्लिखित रकमको पन्ध्र प्रतिशत ।

♣पहिलो संशोधनद्वारा संशोधित ।



## अनुसूची - २०
## (नियम २३ सँग सम्बन्धित)
## यात्रु सेवा शुल्क

| **(क) अन्तर्राष्ट्रिय उडानमा** | | **प्रति यात्रु** | |
|---|---|---|---|
| | | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | अन्य विमानस्थल |
| १ | सार्क मुलुकको लागि उडान गर्ने यात्रुसँग | ७०० रुपैयाँ | ५०० रुपैयाँ |
| २ | सार्क मुलुक बाहेक अन्य मुलुकमा यात्रा गर्ने यात्रुसँग | १,००० रुपैयाँ | ७५० रुपैयाँ |

| *(ख) | आन्तरिक उडानका विमानस्थलमा | यात्रुसेवा शुल्क रकम (रु) | मू.अ.कर १३५का दरले हुन आउने रकम रु. | यात्रुले तिर्नुपर्ने कूल यात्रु सेवा शुल्क रु. |
|---|---|---|---|---|
| १ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा, चन्द्रगढी, विराटनगर, सिमरा, भैरहवा (गौतमबुद्ध विमानस्थल) नेपालगन्ज, लुक्ला, जोमसोम, धनगढी, जनकपुर, भरतपुर र मेघौली विमानस्थल । | १७६।९९ | २३।०१ | २००।- |
| २ | जुम्ला, सुर्खेत, ताप्लेजुङ, रारा, सिमिकोट, मनाङ, रुकुम (सल्ले) र तुम्लिङ्टार विमानस्थल । | ८८।५० | ११।५० | १००।- |
| ३ | उपखण्ड १ र २ बाहेकका अन्य विमानस्थलहरुमा | ८।८४ | १।१६ | १०।- |
| ४ | उपखण्ड (३) बमोजिम कुनै विमानस्थलको धावनमार्ग कालोपत्र | | | |

* चौथो संशोधनबाट थप

| | | |
|---|---|---|
| | गरिएमा कालोपत्र गर्ने कार्य सम्पन्न भई पक्की धावनमार्ग सञ्चालनमा आएको अवस्थामा नेपाल सरकारको स्वीकृति लिई उपखण्ड (२) सरहको दस्तुर कायम हुनेछ। | |
| ५ | विदेशी यात्रुको हकमा सबै विमानस्थलहरुमा माथि खण्ड (ख) (१) मा उल्लेख भए बमोजिमको यात्रु सेवा शुल्क लाग्नेछ। | |
| | | |

## ♠अनुसूची - २०क
## (नियम २३क सँग सम्बन्धित)
## विमानस्थल विकास शुल्क

(क) प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने यात्रुहरुसँग प्रति यात्रु रु.१०००।- (मूल्य अभिवृद्धि कर सहित)।

♠ तेस्रो संशोधनबाट थप



## अनुसूची - २१
## (नियम २४ सँग सम्बन्धित)
## अग्नि निवारण तथा जीवनोद्वार सेवा शुल्क

**रन्वे फोमिङ बापत**

| वायुयानको तौल | दस्तुर |
|---|---|
| दश हजार किलोग्राम सम्मको वायुयानको लागि | प्रति हजार किलोग्रामको अमेरिकी डलर एक सय वा सो बराबरको नेपाली रुपैयाँ |
| दश हजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्मको वायुयानको लागि | पहिलो दशहजार किलोग्रामसम्मको अमेरिकी डलर एक हजार त्यसपछि प्रति हजार किलोग्रामको अमेरिकी डलर पचास वा सो बराबरको नेपाली रुपैयाँ |
| पच्चीस हजार किलोग्रामभन्दा बढीको वायुयानको लागि | पहिलो पच्चीस हजार किलोग्रामको अमेरिकी डलर एक हजार सातसय र त्यसपछि प्रति हजार किलोग्रामको अमेरिकी डलर पन्ध्र वा सो बराबरको नेपाली रुपैयाँ। |

## अनुसूची - २१क.
## (नियम २४क सँग सम्बन्धित)
## व्यागेज स्क्रिनिङ्ग शुल्क

♦(क) विमानस्थलमा वायुसेवा कम्पनीले राखेको Secondary Baggage Screening सेवा अन्य विमान कम्पनीहरुलाई उपलब्ध गराए वापत प्राप्त हुने कूल आम्दानीको पन्ध्र प्रतिशत रकम

(ख) अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यालयको तर्फबाट राखेको Secondary Baggage Screening सेवा वापत प्रति उडान सानो Category मा अमेरिकी डलर तीस, मध्यम Category मा अमेरिकी डलर चालीस र Wide Body Category मा अमेरिकी डलर पचास।

ℜ(ग) ..........

♦ पहिलो संशोधनद्वारा थप।
ℜ दोस्रो संशोधनबाट खारेज।

(घ) कुनै वायुसेवाले अर्को कुनै वायुसेवालाई शुल्क लिई कुनै पनि सेवा प्रदान गर्दा ग्रस बिलको पन्ध्र प्रतिशत रोयल्टी रकम ।

## अनुसूची - २२
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**विद्युत सेवा शुल्क**

(क) सबमिटर जडान भएकोमा नेपाल विद्यतु प्राधिकरणले लिने प्रति युनिट इनर्जी शुल्कको अधिकतम दरमा पचास प्रतिशत सेवा शुल्क थप गरी सबमिटरले देखाए अनुसार खपत युनिटको दरले ।

(ख) सबमिटर जडान नभएकोमा नेपाल विद्युत प्राधिकरणले लिने मासिक इनर्जी बील रकमलाई विमानस्थल भवनको क्षेत्रफलले भाग गरी भाडामा लिएको क्षेत्रफल (रेण्टेड एरिया) ले गुणन गर्दा आउने अङ्कमा पचास प्रतिशत सेवा शुल्क थप गरी हुन आउने रकम ।

♦(ग) विमानस्थल भित्र तीन फेजको विद्युत सेवा उपयोग गर्ने संस्था वा व्यक्तिले पचास प्रतिशत शुल्क थप गरी हुन आउने डिमाण्ड शुल्क ।

---

♦ पहिलो संशोधनद्वारा थप ।



## अनुसूची - २२क.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**टेलिफोन सेवा शुल्क**

(क) दूर सन्चार संस्थानबाट लिइएका डाइरेक्ट लिज लाईनको लागि कार्यालयको केबुल तथा सर्भिस उपलब्ध बापत केबुल सर्भिस चार्ज प्रति लाईन प्रतिमहिना तीन सय रुपैयाँ ।

(ख) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको पी.ए्.बी. एक्स लाईन प्रयोग गरे बापत देहाय बमोजिमको दस्तूर लाग्नेछः

(१) मिटर जडान नभएकोमा इन्टरकम तथा लोकल कलको लागि प्रतिमहिना पाँचसय रुपैयाँ ।

(२) मिटर जडान भएकोमा नेपाल दूर सञ्चार संस्थानले लिइने टेलिफोन महशूलमा पच्चीस प्रतिशत सेवा दस्तूर थप गरी हुन आउने रकम कुल संख्याको आधारमा इन्टरकम सेवा प्रयोग गरे देहाय बमोजिमको मासिक एक सय पचास रुपैयाँ ।

♣(३) लाईन कम्युनिकेशन गर्न गराउन चाहने व्यक्तिले सम्बन्धित विमानस्थलको अनुमति लिनु पर्नेछ । जडान गर्न आवश्यक ड्रप वायर इत्यादि जडान गराउन चाहने व्यक्ति—संस्थाले नै व्यहोर्नु पर्नेछ । अनुमति लिई सेवा उपलब्ध गराउँदा त्यस्तो संस्थाले सम्बन्धित उपभोक्तासंग लिने रकमको पन्ध्र प्रतिशतले हुन आउने दस्तुर सम्बन्धित विमानस्थललाई बुझाउनु पर्नेछ ।

♦(ग) डाटाको लागि प्रयोग गर्न लिइएका अप्टिकल फाइबर लिज लाइनको लागि कार्यालयको केबुल तथा सेवा उपलब्ध गरे बापत अप्टिकल फाइबर सर्भिस चार्ज प्रतिमहिना प्रतिच्यानल एकहजार रुपैयाँ । थप च्यानल प्रयोग गरे बापत प्रतिमहिना प्रतिच्यानल पाँचसय रुपैयाँ ।

---

♦ पहिलो संशोधनद्वारा थप ।

♣पहिलो संशोधनद्वारा संशोधित ।

♦(घ) डाटा सर्भिसको लागि प्रयोग गर्न लिइएका इन्टरनेट–यु.टि.पि.–अन्य केबुल चार्ज लाइन प्रयोग गर्दा कार्यालयको केबुल तथा सेवा उपलब्ध गरे बापत केबुल सर्भिस चार्ज प्रतिमहिना प्रतिलाइन पाँचसय रुपैयाँ ।

## अनुसूची - २२ख.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**♦ मौसमी सेवा शुल्क :**

साँझको १८.०० बजेदेखि बिहानको ६.०० बजे बीचको अवधिमा उडान गर्ने वायुयानहरुले प्रत्येक उडान वा अवतरणको अमेरिकी डलर पन्ध्रका दरले मौसमी सेवा शुल्क बुझाउनु पर्नेछ ।

## अनुसूची - २२ग.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**♦ अवलोकन भ्रमण शुल्क :**

त्रि.अ.वि. निषिद्ध क्षेत्रमा शैक्षिक उद्देश्यका लागि अवलोकन भ्रमण गराउन चाहने संस्थाले त्रि.अ.वि. नागरिक उड्डयन कार्यालयका महाप्रबन्धकबाट पूर्व स्वीकृति लिई प्रतिसमूह तीनहजार रुपैयाँका दरले अवलोकन भ्रमण शुल्क बुझाउनु पर्नेछ ।

♦ पहिलो संशोधनद्वारा थप ।



## अनुसूची - २२घ.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**♦ इन्टर्नशीप शुल्क :**

त्रि.अ.वि. निषिद्ध क्षेत्रमा शैक्षिक उद्देश्यका लागि इन्टर्नशिप गर्न आउनेहरुले १५ दिन भन्दा कम समयका लागि तीन हजार रुपैयाँ र १५ दिन भन्दा बढी भएमा पाँच हजार रुपैयाँका दरले इन्टर्नशिप शुल्क तिर्नु पर्नेछ ।

## अनुसूची - २२ङ.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**♦कक्षहरु प्रयोग सेवा शुल्क :**

(क) Multimedia प्रयोग गर्ने गरि - ६ घण्टाको लागि रु. तीनहजार

(ख) Multimedia प्रयोग नगर्ने गरि - प्रतिदिनको लागि रु. तीनहजार

तर उड्डयन सुरक्षा सम्बन्धी कार्यक्रमहरुका लागि यो शुल्क लाग्ने छैन ।

## ∇अनुसूची - २२च.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**(क) टर्मिनल उपकरणको साझा उपयोग** (CUTE) **सेवा उपयोग शुल्कः**

प्राधिकरणले विमानस्थल टर्मिनल उपकरणको साझा उपयोग (Common User Terminal Equipment–CUTE) सेवा उपयोग गरे वापत सम्बन्धित वायुसेवाबाट सोझै वा सेवा प्रदायकमार्फत प्रति यात्रु अमेरिकी

∇ दोस्रो संशोधनबाट थप

♦ पहिलो संशोधनद्वारा थप ।

डलर एक (मूल्य अभिवृद्धि कर बाहेक) का दरले शुल्क लगाउने तथा असुल उपर गर्नेछ ।

## ∇अनुसूची - २२छ.
## (नियम २५ सँग सम्बन्धित)
## अन्य सेवा शुल्क

**(क) व्यागेज रिकन्सिलिएशन प्रणाली (BRS) सेवा उपयोग शुल्क:** प्राधिकरणले विमानस्थल व्यागेज रिकन्सिलिएशन प्रणाली (Baggage Reconciliation System –BRS) सेवा उपयोग गरे वापत सम्बन्धित वायुसेवाबाट सोझै वा सेवा प्रदायक मार्फत प्रति यात्रु अमेरिकी डलर पैंतीस सेन्ट (मूल्य अभिवृद्धि कर बाहेक) का दरले शुल्क लगाउने तथा असुल उपर गर्नेछ ।

∇ दोस्रो संशोधनबाट थप



## अनुसूची - २३
## (नियम ४४ को उपनियम (६) सँग सम्बन्धित)
## कबुलियतको फाराम

लिखितम्................को नाती..........को..........छोरा.....................बस्ने वर्ष .................को..............आगे तपसिल बमोजिमको शर्तमा तपसील बमोजिम क्षेत्रमा नेपाल नागरिक उड्डयन प्राधिकरण,..............कार्यालयको आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्ने गरी आमन्त्रित गरिएको मिति......................को सूचना नं................अनुसार तपाई समेतले दिएको बोलपत्र/बढाबढको व्यहोरा पेश हुँदा ठेक अवधि.........वर्ष.............महिनाको जम्मा रु.................मा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति.....................मा निर्णय भएको हुँदा निर्णयानुसार तपसिलमा लेखिए बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा आय सम्बन्धी ठेक्काको कबुलियत गर्न मन्जुरी छ छैन भनि आज मलाई सोधनी हुँदा मेरो चित्त बुझ्यो । यसमा मेरो मन्जूरी भै तपसिलमा लेखिए बमोजिमको मिति भित्र कार्यालयलाई........................किस्ताको रकम रु.................बुझाई मिति...........देखि मिति.......सम्म........वर्ष..........महिना.........दिनको निमित्त ठेक्का चलाउने छु। पछि मैले कुनै कुरामा उजूर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग यो कबुलियत लेखी यसै नेपाल नागरिक उड्डयन प्राधिकरण........................कार्यालयमा चढाएँ ।

### तपसिल

(१) ..........को क्षेत्र (ऐरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष..................को रु.............आर्थिक वर्ष...........को रु..................आर्थिक वर्ष....................को रु..................समेत गरी जम्मा रु.........................को ठेक्का रकम प्रति किस्ता रु................का दरले जम्मा..................किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी................साल..............गते देखि..............साल..............गते समलाई प्रचलित कानूनको अधिनमा रही ..................कार्यालयको आय सङ्कलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त.......................कार्यालयको क्षेत्र भित्र तोकिएको दरमा सेवा शुल्क, दस्तुर, भाडा....................को रुपमा संकलन गरी...................कार्यालयलाई किस्ता रकम बुझाउनेछु। यसरी

आय सङ्कलन गर्दा सेवाग्राहीलाई दिईने भरपाई रसिद यसै कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न....................कार्यालयबाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन। यदि कुनै त्यस्ता अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाईएमा प्रचलित कानून बमोजिमको कारबाही र सजायँ भोग्न मन्जुर छ। मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनु पर्ने रु..............सूचनामा उल्लेख भएको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसैसाथ संलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति..................भित्र.............कार्यालयलाई बुझाउँदै जानेछु ।

(५) यो आय सङ्कलन ठेक्का कबुलियती गरी चलन पूर्जी लिनको लागि कुल ठेक अंक रु.................को २५ प्रतिशत बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक................को मिति................सम्म म्याद रहेको परफरमेन्स वण्ड नं................/नगद कार्यालयको..................बैंकमा रहेको खाता नं......................मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु। किस्ताबन्दीको रकम..................कार्यालयलाई नबुझाएमा धरौटी बापत रहेको जमानत.................कार्यालयले जफत गर्न सक्नेछ ।

(६) अन्य आवश्यक कुरा केही भएमा...........................................

**किस्ताबन्दीः**

कबुलियत अवधि.......................................साल.............................गते देखि..................साल ...................गतेसम्म



| **किस्ता** | **किस्ता रकम** | **किस्ता जम्मा गर्ने खाता नं.** | **बुझाउनु पर्ने अन्तिम मिति** |
|---|---|---|---|
| प्रथम | | | |
| द्वितीय | | | |
| तृतीय | | | |
| चतुर्थ | | | |
| | | | |
| जम्मा | | | |

**ठेकेदार वा निजको तर्फबाट**

दस्तखतः

नाम थरः

ठेगाना :

बाबुको नाम :

बाजेको नामः

साक्षीकोः

नाम थर :

ठेगाना :

दस्तखत :

**प्राधिकरणको तर्फबाट**

दस्तखतः

नाम थर :

पद :

इति सम्वत्................साल.............गते रोज..........शुभम्

## अनुसूची - २४
## (नियम ४४ को उपनियम (६) सँग सम्बन्धित)
## पट्टाको फाराम

नेपाल नागरिक उड्डयन प्राधिकरणको..................कार्यालयबाट श्री......................को नाती.......................श्री........................को छोरा ...................बस्ने वर्ष.......................को श्री.........................ले नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा तथा सुविधा शुल्क नियमावली, २०६७ को नियम.......................बमोजिम.................श्रोतबाट आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस कार्यालयबाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्र वा बढाबढ वा.................(अन्य व्यवस्था) को व्यहोरा पेश हुँदा आर्थिक वर्ष..............देखि आर्थिक वर्ष..............सम्म................अवधिको लागि रु.............अक्षरुपी..........मा तपाईका साथ ठेक्का बन्दोवस्त गर्ने गरी मिति.....................मा निर्णय भए बमोजिम तपसिलका लेखिएको सेवा सुविधा संचालनबाट आय संकलन गर्न मन्जुर भै तपाईले कबुलियत गरिदिनु भएको हुँदा तपसिलमा लेखिएको शर्तमा घटी बढी नपारी तपसिलमा लेखिए बमोजिम तपसिलमा तोकिएको मिति भित्र तोकिएको ठाउँमा चाहिने.....................किस्ताको रुपैयाँ बुझाई मिति................देखि मिति.................सम्मको निमित्त देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा आय सङ्कलन/सेवा सुविधा संचालन गर्ने कार्य गर्नु होला। तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी सेवा शुल्क, दस्तूर वा भाडा आदि असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट प्राधिकरणलाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल गरी नपुग हुन जाने रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ। पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै नेपाल नागरिक उड्डयन प्राधिकरणको यस......................कार्यालयबाट ठेक्का चलानको पूर्जी गरी दिइएको छ।



## तपसिल

(१) ..........को क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष...............को रु.................आर्थिक वर्ष.............को रु................आर्थिक वर्ष...............को रु....................समेत गरी जम्मा रु.....................को ठेक्का रकम प्रति किस्ता रु.................का दरले जम्मा...................किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी...............साल.........गते देखि..........साल...........गते तकलाई प्रचलित कानूनको अधीनमा रही आय सङ्कलन/सेवा सुविधा संचालन गर्न सक्नेछ।

(२) उक्त आय संकलन सेवा सुविधा संचालन गर्नका निमित्त तोकिएको दरमा सेवा शुल्क, दस्तुर भाडा आदिको रुपमा आय संकलन गरी यस.....................कार्यालयलाई किस्ता रकम बुझाउनेछु। यसरी आय सङ्कलन गर्दा सेवाग्राहीदातालाई दिईने भरपाई रसिद यसै कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

(३) सो आय सङ्कलन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण ...........कार्यालयबाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिन पाइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्न पाइने छैन। अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाईएमा प्रचलित कानून बमोजिमको कारबाही हुनेछ।

(४) अन्य किस्ताको हकमा देहाय बमोजिम यस कार्यालयमा बुझाउने पर्नेछः

| किस्ता | किस्ता रकम | किस्ता जम्मा गर्ने खाता नं. | बुझाउनु पर्ने अन्तिम मिति |
|---|---|---|---|
| प्रथम | | | |
| द्वितीय | | | |
| तृतीय | | | |
| चतुर्थ | | | |
| | | | |
| जम्मा | | | |

(५) यसमा नियमानुसार लाग्ने मु.अ.कर थप गरी कार्यालयमा किस्ता साथै बुझाउनु पर्नेछ।

(६) यसमा नियमानुसार लाग्ने अग्रिम आयकर तपाइकै तर्फबाट नियमानुसार आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) अन्य आवश्यक कुरा केही भएमा.........................................

| **ठेकेदार वा निजको तर्फबाट** | **प्राधिकरणको तर्फबाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थर : |
| ठेगाना : | पद : |
| बाबुको नाम : | |
| बाजेको नामः | |

साक्षीकोः
नाम थर :
ठेगाना :
दस्तखत :

इति सम्वत्................साल.............गते रोज..........शुभम्